# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## राईनास नगरपालिका

लमजुङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## राईनास नगरपालिका
### लमजुङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## राईनास नगरपालिका

लमजुङ


**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८०
च.नं. ६७ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
राईनास नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
लमजुङ ।

**कैफियत सहितको राय**

हामीले राईनास नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।४
२. लेखापरीक्षणबाट रू.९ करोड ८० लाख ७१ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ४ करोड ७ लाख ४० हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २८ लाख ८७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ३९ लाख ३६ हजार, नियमित गर्नुपर्ने रु १ करोड १३ लाख ७१ हजार र पेश्की रू. ९१ लाख ३७ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ९ करोड ७७ हजार बेरुजू बाँकी रहेकोमा यस बर्ष संपरीक्षण रु ३ करोड भई हालसम्मको अद्यावधिक बेरुजू रु ११ करोड ७४ लाख ८ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३४ | ५१ | ९८०७१ | ० | ९ | ४०७४० | ३४ | ४२ | ५७३३१ | २८८७ | ११३७१ | ३३९३६ | ० | ० | ४५३०७ | ९१३७ |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | ३३ | दोहोरो पदाधिकारी सुविधा | २०४७५ |
| | ३६ | खर्चको मापदण्ड बेगर खर्च | १०८८० |
| | ३७ | बढी ग्रेड रकम भुक्तानी | १४२९९ |
| | ३९.१ | प्रोत्साहनमा कर कट्टी नगरेको | २४२५५ |
| | ३९.२ | प्रोत्साहनमा कर कट्टी नगरेको | ७००० |
| | ४५ | पेश्की बाँकी | २७९५९६५४ |
| | ७० | गाई ढुवानी | १५००० |

| | | | |
|---|---|---|---|
| | ७२ | अनुदान रकम बढी भुक्तानी | ५९०६१२ |
| | ७८ | निष्कृय खाता | १२०९७९४८.८५ |
| | | | ४०७४०१२३.८५ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| राईनास नगरपालिका | ९००७७ | ० | ३०००० | ६००७७ | ० | ५७३३१ | ११७४०८ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान: राईनास नगरपालिका, लमजुङ , राईनास नगरपालिका , लमजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गोकर्ण राज सुयल | २०७८-९-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नविन कुमार बराल | २०७६-८-१६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५७,३३१,२६७.८७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४,८८,४४,०९८.२६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४२,३४,५०,००० | **चालु खर्च** | ३२,८०,१३,३४१.६९ |
| **प्रदेश सरकारबाट अनुदान** | १,६४,०५,०१२ | **पूँजीगत खर्च** | १३,४२,६७,९९३ |
| **राजश्व बाँडफाँट** | ६,८४,५०,६३६.८३ | **वित्तीय/अन्य व्यवस्था** | २३,१०,९३,५६२.५५ |
| **आन्तरिक आय** | ६९,९६,०५६.५ | | |
| **अन्य आय** | १८,५१,४६,१८२ | | |
| **कुल आय** | ७०,०४,४७,८८७.३३ | **कुल खर्च** | ६९,३३,७४,८९७.२४ |
| **बाँकी मौज्दात** | | ५,५९,१७,०८८.२३ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना, २०७८ बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। पालिका अन्तर्गत १० वडा, ५३ सभा सदस्य तथा १८ हजार ५२७ जनसंख्या रहेका छन्। यसको क्षेत्रफल ७१.९७ वर्ग किलोमिटर रहेको छ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>संचित कोषको प्राप्ति र भुक्तानी<br>राइनास नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को म ले प फा नं २७२ अनुसार वित्तीय विवरण देहायबमोजिम रहेको छ ।
<table>
<tr><th>विवरण</th><th>टिप्पणी</th><th colspan="4">यस वर्ष रु.</th><th colspan="3">गतवर्ष रु.</th></tr>
<tr><th></th><th></th><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>वस्तुगत/ सोझै भुक्तानी</th><th>जम्मा</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>वस्तुगत/ सोझै भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>५६,३२,३८,७४८.९३</td><td>४९,६७,०४,३७३.३४</td><td></td><td>४९,६७,०४,३७३.३४</td><td>४८,८०,३७,७०२.३४</td><td></td><td>४८,८०,३७,७०२.३४</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>५४,२६,५०,८८३.४३</td><td>४६,२५,५५,०५०.०२</td><td>०</td><td>४६,२५,५५,०५०.०२</td><td>४६,२९,६०,८५६.८४</td><td>०</td><td>४६,२९,६०,८५६.८४</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>७,३५,५५,८९०</td><td>६,९१,५७,५२७.९०</td><td>०</td><td>६,९१,५७,५२७.९०</td><td>६,१०,९९,४९५.६४</td><td>०</td><td>६,१०,९९,४९५.६४</td></tr>
<tr><td>१३००० अनुदान</td><td></td><td>४६,२०,४५,२६५</td><td>३८,७१,०८,३५६.६९</td><td>०</td><td>३८,७१,०८,३५६.६९</td><td>३९,३८,००,२७२.२०</td><td>०</td><td>३९,३८,००,२७२.२०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय सरकार | १२ | ४४,२१,६२,२६५ | ३७,२२,२५,३५६.६९ | ० | ३७,२२,२५,३५६.६९ | ३७,३८,९१,६९४.२० | ० | ३७,३८,९१,६९४.२० |
| प्रदेश सरकार | १२ | १,९८,८३,००० | १,४८,८३,००० | ० | १,४८,८३,००० | १,९९,०८,५७८ | ० | १,९९,०८,५७८ |
| १४००० अन्य राजस्व | | ६९,९९,७२८.४३ | ५७,१०,५८५.४३ | ० | ५७,१०,५८५.४३ | ७२,२९,०८९ | ० | ७२,२९,०८९ |
| १५००० विविध प्राप्ति | | ५०,००० | ५,७८,५८० | ० | ५,७८,५८० | ८,३२,००० | ० | ८,३२,००० |
| ख. अन्य प्राप्ति | | २,०५,८७,८६५.५० | ३,४१,४९,३२३.३२ | | ३,४१,४९,३२३.३२ | २,५०,७६,८४५.५० | | २,५०,७६,८४५.५० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | २,०५,८७,८६५.५० | २,९९,२९,८९२.०२ | ० | २,९९,२९,८९२.०२ | २,१८,५८,९४४.५० | ० | २,१८,५८,९४४.५० |
| धरौटी | | ० | ४२,१९,४३१.३० | ० | ४२,१९,४३१.३० | ३२,१७,९०१ | ० | ३२,१७,९०१ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६०,८४,९९,८००.३९ | ४७,९५,११,४२३.०३ | | ४७,९५,११,४२३.०३ | ४९,०९,८९,२२२.२३ | | ४९,०९,८९,२२२.२३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५८,७९,११,९३४.८९ | ४६,३८,०३,३४६.६९ | | ४६,३८,०३,३४६.६९ | ४७,१५,१४,२७९.२३ | | ४७,१५,१४,२७९.२३ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २४,६२,५८,७०० | २२,६५,०५,९३१.७४ | ० | २२,६५,०५,९३१.७४ | १९,९३,५१,०३५.०३ | ० | १९,९३,५१,०३५.०३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,४२,०५,६०० | ८,५२,५३,०५६.०७ | ० | ८,५२,५३,०५६.०७ | ७,६४,११,९३८ | ० | ७,६४,११,९३८ |
| २५००० सहायता (Subsidy) | १८ | १,१४,५५,००० | ९३,७३,७८०.८८ | ० | ९३,७३,७८०.८८ | ३,३९,०७,७९५.२० | ० | ३,३९,०७,७९५.२० |
| २६००० अनुदान | १८ | १५,००,००० | ५,४१,३९५ | ० | ५,४१,३९५ | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,१६,९०,००० | ५४,१५,५१३ | ० | ५४,१५,५१३ | १,२५,०२,०७५ | ० | १,२५,०२,०७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८००० अन्य खर्च | १८ | ११,३७,९०४.४३ | ९,५७,८०० | ० | ९,५७,८०० | ८,४२,४४८ | ० | ८,४२,४४८ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १९,१६,६४,७३०.४६ | १३,५७,५५,८७० | ० | १३,५७,५५,८७० | १४,८४,९८,९८८ | ० | १४,८४,९८,९८८ |
| घ. अन्य भूक्तानी | | २,०५,८७,८६५.५० | १,५७,०८,०७६.३४ | | १,५७,०८,०७६.३४ | ४९,०९,८९,२२२.२३ | | ४९,०९,८९,२२२.२३ |
| कोषहरु | | २,०५,८७,८६५.५० | १,३५,७६,८८७.३४ | ० | १,३५,७६,८८७.३४ | १,८०,४१,१०२ | ० | १,८०,४१,१०२ |
| धरौटी | | ० | २१,४०,६८३ | ० | २१,४०,६८३ | १४,३३,८४१ | ० | १४,३३,८४१ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -९,४९४ | | -९,४९४ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (४,५२,६१,०५१.४६) | १,७१,९२,९५०.३१ | | १,७१,९२,९५०.३१ | (२९,५१,५१९.८९) | | (२९,५१,५१९.८९) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४,८८,४४,०९८.२६ | | ४,८८,४४,०९८.२६ | ५,७१,४०,३६३.९७ | | ५,७१,४०,३६३.९७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (४,५२,६१,०५१.४६) | ६,६०,३७,०४८.५७ | | ६,६०,३७,०४८.५७ | ५,४१,८८,८४४.०८ | | ५,४१,८८,८४४.०८ |
| बैंक तथा नगद बाकी | २४ | | ५,४३,८३,७४२.२३ | | ५,४३,८३,७४२.२३ | ५,२५,५५,२८५.७६ | | ५,२५,५५,२८५.७६ |

अन्तरसरकारी अख्तियारी तर्फ

| विवरण | बजेट | विवरण | खर्च |
|---|---|---|---|
| सामाजिक सुरक्षा | ११०५९८७७६ | सामाजिक सुरक्षा | ११०५९८७७६ |
| स्वच्छ वातावरण कार्यक्रम | १९४०००० | स्वच्छ वातावरण कार्यक्रम | १९४०००० |
| एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | ५०३६३१३२.२४ | एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | ५०३६३१३२.२४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा  १६२९०१९०८.२४  जम्मा  १६२९०१९०८.२४ | |
| ४ | | | **आन्तरिक नियन्त्रण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वियनमा आउन सकेको छैन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | •पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो।<br>•जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>•सहायक जिन्सी खातामा कर्मचारी तथा पदाधिकारीले प्रयोग गरेको सवारी तथा अन्य जिन्सी सामाग्रीहरुको सम्बन्धित व्यक्तिले बुझिलिएको दस्तखत गरेको र अवकाश वा सरुवा भएका कर्मचारीले फिर्ता गरेका मालसमान हाल कुन अवस्थामा भएको वा अन्य कुनै कर्मचारीलाई पुनः प्रयोगका लागि बुझाएको भन्ने रेकर्ड व्यवस्थित रुपमा राखेको पाइएन ।<br>•कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>•सार्वजनिक खरिद नियमावली, २०६४को नि ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,<br>•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>•सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची २ को ढाँचा बमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको<br>•सामाजिक सुरक्षा वितरण भत्ता कार्यविधि, २०७७ को परिच्छेद ७ को दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको।<br>• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको, | |
| ५ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ।सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीकोव्यवस्थापन गर्नुपर्दछ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:<br>· सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को संचितकोषको प्राप्ती तर्फ रु.४६२५५५०५०।०२देखिएकोमा पालिकाले तयार गरेको एकीकृत आर्थिक विवरण अनुसार संघ तथा प्रदेश अनुदानरु.४३९८५५०१२, बाँडफाँडबाट प्राप्त रकम रु.६८४५०६३६।८३ र आन्तरिक आम्दानी रु.६९९६०५६।५० समेत रु.५१५३०१७०५।३३ हुने देखिन्छ । जसमा रु ५२७४६६५५।३१ सुत्रले कम देखाएको छ । यस सम्बन्धमा एकीन हुन सकिएन । अन्य प्राप्तिमा एकीकृत आर्थिक विवरण अनुसार कोषहरुको रु ११९३४६८५।१४ धरौटी रु ४२१९४३१।३० समेत गरी रु.१६१५४११६।४४ म ले प फा नं २७२ मा कोषहरुको रु.२९९२९८९२।०२ र धरौटी रकम रु.४२१९४३१।३२ समेत रु.३४१४९३२३।३२ देखिन्छ । यसमा रु.१७९९५०६।८८ फरक रहेको देखिन्छ । के कारणले फरक परेको हो सो एकीन गर्न सकिएन । पालिकाले फरक परेको रकम सुत्रमा हिसाब मिलान गरी सोको यथार्थ विवरण पेश गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · पालिकाको म.ले.प.फा.२७२ को संचितकोषको भुक्तानीतर्फ रु.४६३८०३३४६।६९ मात्र देखिन्छ भने अन्य भुक्तानी रु १५३५८०७६।३६ गरी कुल जम्मा ४७९१६१४२३।०३ देखिन्छ । भने एकीकृत आर्थिक विवरण अनुसार संचितकोषको भुक्तानी रु.४६२२८१३३४।६९ देखिन्छ जस अनुसार रु.१५२२०१२ फरक देखिन्छ जुन रकम चेक साट्न बाँकी भएकाले फरक देखिएको छ ।<br>· यस स्थानीय तहलेNPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन(म=ले=प=फा= नं= २७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको एंव सुत्रमा विषयगत शिर्षकहरुको निकासा तथा खर्च रु.१६ करोड २९ लाख १ हजार ९०८ समेटन नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ।<br>स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचितकोषमा फिर्ता गर्नुपर्नेव्यवस्था भए बमोजिम पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार सबै खाताहरुको रकम २०७८ श्रावणमा मात्रै खर्च खाताबाट फिर्ता गरी संचित कोषमा आम्दानी बाँधिएको छ। | |
| ६ | | | **गत बर्षको जिम्मेवारी**<br>पालिकाले म.ले.प प्रतिवेदन अनुसार संचित कोष तथा अन्य विभिन्न कोष समेत गरी रु.५५६३८००० यस आर्थिक वर्षमा जिम्मेवारी सार्नुपर्नेमा रु ४८८४४०९८.२६ मात्र जिम्मेवारी सारेको देखिन्छ । यसरी कम जिम्मेवारी सारेको रकम एकीन गरी यथार्थ जिम्मेवारी सार्नुपर्ने रु. | ६,७९३९०१ |
| ७ | | | **बैंक मौज्दात**<br>पालिकाले तयार गरेको एकिकृत आर्थिक विवरणमा संचित कोष तथा अन्य विभिन्न कोषहरुको समेत गरी बैंक मौज्दात रु.५५९१७०८८.२३ देखाएकोमा सुत्रको म.ले.प.फा.न २७२ मा रु.५४३८३७४२.२३ देखिन्छ। पालिकाले तयार गरेको एकिकृत आ.वि. र सुत्रको म.ले.प.फा.न २७२ मा रु.१५३३३४६ फरक परेको देखिन्छ । जसमा चेक साट्न बाँकी रकम रु.१५२२०१२ रहेको पालिकाले जनाएकोमा बाँकी रकम रु.११३३४ को यथार्थता एकीन गर्न नसकिएकाले पालिकाले बैंक मौज्दात एकिन गरी सुत्रमा हिसाब मिलान गर्नुपर्ने देखिएको रु. | ११,३३४ |
| ८ | | | **खर्च विष्लेषण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु.६९९६०५६।५० राजस्व बाँडफाँड रु.६८४५०६३६।८३ र अनुदानबाट रु.४३९८५५०१२ समेत रु.५१५३०१७०५आम्दानी भएकोमा चालुतर्फ रु.३२८०१३३४१।६९ र पूँजीगततर्फ रु.१३४२६७९९३ समेत रु.४६२२८१३३४।६९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १।५१ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.६७२३७४८ खर्च भएको छ जुन आन्तरिक आयको ९६।११ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३।६५ प्रतिशत चालु र ३६।३५ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ | |
| ९ | | | **बजेट पेश पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा २०७८।०३।१० गते रु.५३ करोड ५ लाख ५३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।०३।३० मा पारित भएको छ।यसैगरी स्थानीय तह प्रमुखले २०७८।३।२० मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। | |
| १० | | | **तलबी प्रतिवेदन**<br>निजामति सेवा ऐन,२०४९ को दफा ७ (ख) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० को मिति २०७६।५।१८ को पत्र अनुसार नेपाल सरकार माननिय मन्त्रि स्तरको निर्णय बमोजिम स्थानीय तहका कर्मचरी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने निर्देशन भएको र कार्यालयले तलवी प्रतिवेदन पास गर्नका लागि कोलेनिकामा पेश गरेको भएतापनि कोलेनिकाले पास गरेको देखिएन । यस वर्ष पालिकाले तलबी प्रतिवेदन पास नगरी वर्षभरीमा नगरपालिकातर्फ रु.२ करोड ८९ लाख खर्च र स्वास्थ्य शशर्तको ३ करोड ५० लाख खर्च गरेको देखियो। जिम्मेवार निकायले तलबी प्रतिवेदन पास गर्नेतर्फ ध्यान दिनुपर्छ । | |
| ११ | | | **क्षेत्रगत बजेट खर्च** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५०३५०००० | ३०२२७९६६ | ६.५१ |
| सामाजिक क्षेत्र | ३२२९५०३६५ | २७२१८३६७९.६९ | ५८.६८ |
| पूर्वाधार विकास क्षेत्र | ८१३९६८६५.४६ | ५६४९७९७२ | १२.१८ |
| वित्तीय व्यवस्थापन र सुशासन | २४०४७६०० | १४३७६२०१ | ३.१० |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १०९१६७१०४.४३ | ९०५१७५२८ | १९.५३ |
| **जम्मा** | ५८७९११९३४.८९ | ४६८३०३३४६.६९ | **१००** |

१२

**चौमासिक पुँजिगत खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कूल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| | विभिन्न | १३५७५६ | ४६२७ | २७६६८ | १०३४६१ | ७४०९१ |
| | **खर्च प्रतिशत** | १०० | **३.४१** | २०.३८ | ७६.२१ | **५४.५७** |

उपरोक्त विवरण अनुसार बिभिन्न ब.उ.शी.नं. मा यस वर्ष रु.१३ करोड ५७ लाख ५६ हजार खर्च भएको मध्ये तेस्रो चौमासिकमा मात्र ७६.२१ प्रतिशत र आषाढमा ५४.५७ प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर गर्ने स्थिति रहन्छ । तसर्थ आर्थिक वर्षको अन्ततिर मात्र अत्यधिक खर्च गर्ने प्रबृत्तिमा नियन्त्रण तथा सुधार हुनुपर्दछ । | |
| १३ | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष नागरिकता सिफारिस ६९४, नाता प्रमाणित ३९६, घरबाटो सिफारिस ४४४, मालपोत सिफारिस २८१, विवाह २००, सम्बन्ध विच्छेद ५९, जन्म तथा मृत्यु दर्ता ७१३, वसाईसराई १४२ दर्ता गरेको पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा व्यवस्थित अभिलेख राखेको पाइएन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। | |
| १४ | | | **कानून निर्माण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४ वटा ऐन, ५ वटा नियमावली, २४ कार्यविधि लगायत ४४ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ४४ वटा कानूनहरु निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १५ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेकोमा यो बर्ष १६ मुद्दा दर्ता भएकोमा १३ फछ्र्यौट भई बाँकी ३ भएको पालिकाबाट प्राप्त विवरणमा उल्लेख भएको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी प्रभावकारी ढंगबाट न्याय सम्पादन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| १६ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्ः
<table>
<tr><th>सि न</th><th>विवरण</th><th>योजना संख्या</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>१ लाख भन्दा कमको योजना</td><td>२२</td><td>६६००००</td></tr>
<tr><td>२</td><td>१ लाख देखि पाँच लाख सम्मका योजना</td><td>४२७</td><td>१२६३५४०००</td></tr>
<tr><td>३</td><td>५ लाख देखि १० लाख सम्मका योजना</td><td>१५</td><td>८५०००००</td></tr>
<tr><td>४</td><td>१० लाख एक देखि ५० लाख सम्मा योजना</td><td>५</td><td>६००००००</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथिका योजनाहरु</td><td>१</td><td>५००००००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४८०</td><td>१९१५१४०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>अबण्डा बजेट<br>स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७१ बमोजिम नगरपालिका कार्यालयबाट पेश भएको बार्षिक कार्यक्रम तथा बजेट नगर सभाबाट पारित गरी नगर प्रमुखले अख्तियारी प्रदान गरेको बजेट तथा कार्यक्रम प्रमुखप्रशासकिय अधिकृतले खर्च गर्नुपर्ने व्यवस्था छ ।नगर सभाले मागमा अधारित सार्वजनिक निर्माण तथा मर्मत सम्भारमा रु ४९००००० बजेट व्यवस्था गरेकोमा पछी बजेट थप गरी रु ६५ लाद बजेट व्यवस्था गरेको छ । उक्त बजेट बाट रु ६४८४८२५ खर्च गरेको छ । सभाबाट पारीत कार्यक्रम र बजेटमा एकमुष्ट मागमा आधारित बजेट व्यवस्था गरेकोमा कार्यपालिकाको बजेट निर्णयको आधारमा खर्च गर्नु र नगरसभाले उक्त खर्चलाइ अनुमोदन गरेबाट स्थानिय सरकारको बजेट निर्माण एवं कार्य गर्नु स्थानिय सरकार संचालन ऐन विपरित देखिएको छ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>अनुगमन तथा भ्रमण खर्च<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेतयस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.२० लाख १५ हजारखर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। यसमा सुधार गर्नुपर्ने देखिन्छ। | |
| १९ | | | **कर्मचारी दरबन्दी पदपुर्ति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ६३ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार १७ पदहरु रिक्त रहेका छन् । पालिकामा दरबन्दी मिलान गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २० | | | **दरबन्दी बाहिरको करार सेवा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४२ जना कर्मचारीहरु पालिकामा करारमा राखी रु.११११५७८० खर्च लेखेको छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । तर पालिकाले देहायबमोजिम १४ जना कार्मचारी दरबन्दी बाहिर राखि खर्च गरेको रकम नियम सम्मत नदेखिएको रु. | १,४७९९९० |

| सि नं | दरबन्दी बाहिर रहेको पद | पद संख्या | वार्षिक भुक्तानी |
|---|---|---|---|
| १ | सामाजिक परिचालक | २ | ४४२००० |
| २ | ल्याब असिष्टेन्ट १ र हेल्थ असिष्टेन्ट | ३ | १०३७९९० |
| | | ५ जना | १४७९९९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **खाना तथा विविध खर्च** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष नगरपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्था समेतमा विविधतर्फ मात्र रु. २५ लाख ८७ हजार खर्च गरेको छ । नगरपालिकाले बैठक तथा अन्य क्रियाकलाप सँचालनार्थ बिबिध खर्च लेख्दा उपस्थिति सँख्या, कार्यक्रमको पुष्ट्याई लगायतका बिबरण तथा बैठक तथा कार्यक्रम सँचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्दछ । नगरपालिकाले बिबिध बैठक तथा कार्यक्रम सँचालनार्थ खर्च भएको उल्लेख गरी खर्चको पुष्ट्याई बेगर केबल बिल भरपाई मात्र सँलग्न गरी बिबिध शीर्षकबाट खाजाखाना बापतको खर्च लेखेको छ । यसरी खर्च लेखेबाट बास्तबिक रुपमा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । पालिकाले प्रयोजन नखुलाई खर्च गरेको उदाहरण देहायबमोजिम रहेको छ । | |

| भौचर नं | भुक्तानी पाउने | भुक्तानी विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ८।०७८।६।१७ | सृजना किनारा स्टोर्स | किनारा सामाग्री खरिद | ५०४८५ |
| २०।०७८।६।१९ | आयुस खाजा घर | खाजा खाना विल भुक्तानी | ३५८७० |
| २०।०७८।६।१९ | रिजन खाजा घर | खाजा खाना विल भुक्तानी | ७९४८० |
| १११।०७८।७।१३ | सम्पदा गार्डेन होटल काठमाण्डौ | खाजा खाना विल भुक्तानी | १९४९४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस सामाजिक सुरक्षा र उद्दार राहत तथा पुनस्थापना खर्च भनी रु. २० लाख २३ हजार वितरण गरेका छ। । केही गोश्वारा भौचरको नमूना छनौट गर्दा कार्यालयले विभिन्न व्यक्ति तथा संस्थालाई आर्थिक सहायता वितरण गरेको छ । कार्यालयले आर्थिक सहायता वितरणको मापदण्ड र कार्यविधि तर्जूमा नगरी वितरण कार्य गरेकोले यस्ता प्रकारका खर्चहरु नियन्त्रण हुनुपर्दछ । केही उदाहरणहरुः | |

| भौ नं /मिति | सहायता प्राप्त गर्ने व्यक्ति संस्था | सहायता रकम |
|---|---|---|
| १५०।०७८।८।५ | रोट्र्याक्ट क्लब अफ लमजुङ | १५००० |
| २२५।०७८।८।१७ | जे भि भण्डारी | ५०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२५५।०७८।८।२४</td><td>नेपाल राष्ट्रिय कर्मचारी महासंघ</td><td>१००००</td></tr>
<tr><td>३२०।०७८।९।१६</td><td>योङ्ग कम्युनिष्ट लिग नेपाल</td><td>४००००</td></tr>
<tr><td>३४०।०७८।९।३०</td><td>हिरालाल परियार</td><td>१५०००</td></tr>
<tr><td>५१२।०७८।१२।१०</td><td>रुद्र बहादुर गुरुङ</td><td>३२३००</td></tr>
<tr><td>५४६।०७८।१२।२१</td><td>राम बहादुर रानाभाट</td><td>१२७४०</td></tr>
<tr><td>५५।०७८।७।१९</td><td>बल बहादुर घर्ति</td><td>१५०००</td></tr>
<tr><td>११२।०७८।७।२३</td><td>सुर्य कुमाल</td><td>५००००</td></tr>
<tr><td>१५३।०७८।८।५</td><td>हर्क कुमार श्रेष्ठ</td><td>२५०००</td></tr>
<tr><td></td><td>धमिलीकुवा प्रहरी चौकी</td><td>१००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>
अनुत्पादक तथा वितरणमुखी खर्च<br>
सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.२३८०००० खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।
<table>
<tr><td>सि.नं.</td><td>भुक्तानी पाउने संस्थाको नाम</td><td>प्रयोजन</td><td>रकम</td></tr>
<tr><td>१</td><td>चम्पावती आमा समूह</td><td>कुर्सी खरिद</td><td>५००००</td></tr>
<tr><td>२</td><td>राइनासकोट सामुदायिक होमस्टे</td><td>विभिन्न खेल तथा साँस्कृतिक कार्यक्रम संचालन</td><td>१०००००</td></tr>
<tr><td>३</td><td>सर्वोदय सेवाश्रम</td><td>प्रशासनिक खर्च</td><td>३०००००</td></tr>
<tr><td>४</td><td>प्यारजुङ युथ क्लब</td><td>खुला फुटवल प्रतियोगिता</td><td>१५००००</td></tr>
<tr><td>५</td><td>गम बहादुर गुरुङ</td><td>ल्होसार पर्व संचालन</td><td>४००००</td></tr>
<tr><td>६</td><td>स्व कृष्ण बहादुर गुरुङ स्मृति संस्था</td><td>एम्बुलेन्स खरिद</td><td>२०००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>नेपाल रेडक्रस सोसाईटी</td><td>कार्यक्रम व्यस्थापन गर्न</td><td>१५००००</td></tr>
<tr><td>८</td><td>राइनासकोट पर्यटन कप २०७८</td><td>भलिवल प्रतियोगिता</td><td>१०००००</td></tr>
<tr><td>९</td><td>वडा स्तरिय मेयर कप</td><td>खेलकुद कार्यक्रम संचालन</td><td>२०००००</td></tr>
<tr><td>१०</td><td>सातौं लमजुङ महोत्सव</td><td>महोत्सव व्यवस्थापन</td><td>५००००</td></tr>
<tr><td>११</td><td>अविरल नेपाल किसान महासंघ</td><td>कार्यालय संचालन</td><td>५००००</td></tr>
<tr><td>१२</td><td>नयाँ पौवा दलित मैत्री पञ्चेवाजा खरिद</td><td>पञ्चेवाजा खरिद</td><td>५००००</td></tr>
<tr><td>१३</td><td>विपि स्मृति भवन</td><td>भवन निर्माण</td><td>२०००००</td></tr>
<tr><td>१४</td><td>पाँचभाई एकता महिला समूह</td><td>फर्निचर खरिद</td><td>५००००</td></tr>
<tr><td>१५</td><td>पञ्चेवाजा उपभोक्ता समिति वडा नं ८</td><td>पञ्चेवाजा खरिद</td><td>१५००००</td></tr>
<tr><td>१६</td><td>पाँचभाई बतासे पञ्चेवाजा एकता समूह</td><td>पञ्चेवाजा खरिद</td><td>१५००००</td></tr>
<tr><td>१७</td><td>उर्गेन छ्योई खोरलिङ्ग गुम्बा</td><td>तमु ल्होसार कार्यक्रम संचालन</td><td>५००००</td></tr>
<tr><td>१८</td><td>जेष्ठ नगारिक समाज सेवा समिति</td><td>भजन कृतन सामाग्री खरिद</td><td>२०००००</td></tr>
<tr><td>१९</td><td>नव वुद्ध तामाङ महिला समूह</td><td>ल्होसार कार्यक्रम</td><td>४००००</td></tr>
<tr><td>२०</td><td>पञ्चेवाजा संरक्षण समिति</td><td>पञ्चेवाजा खरिद</td><td>१०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२३८००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>रकमान्तरबाट थप आर्थिक सहायता<br>पालिकाले कुल ५६ योजनाको लागि छुट्याएको रु ३ करोड ६८ लाख १९ हजार घटाइ ९७ नया शिर्षकमा रकमान्तर गरेको छ। रकमान्तर गर्दा आर्थिक सहायता तथा विविध खर्चमा मात्र देहायअनुसार रु.३७४०६१८ रकमान्तरवाट थप गरेको सुत्रको विवरणवाट देखिन्छ। चालु तथा वितरणमुखी कार्यमा रकमान्तर गरी खर्च गरेको रकम अनियमित देखिएको रु.</td><td>३७४०,६१८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | रकमान्तरवाट थप रकम |
|---|---|---|---|---|
| ८०४३७५०११०१ | विभिन्न संघ संस्थालाई सहयोग | २७१११ | अन्तरिक श्रोत | २००००० |
| ८०४३७५०११०१ | नविकरण यूवा क्लब साउण्ड सिष्टम खरिद | २२५२२ | आन्तरिक स्रोत | २००००० |
| ८०४३७५०११०१ | भैपरि आउने चालु खर्च | २२५२२ | आन्तरिक स्रोत | ५७४७२८ |
| ८०४३७५०११०१ | जेष्ठ नागरिक उत्थान भजन कृतन सामाग्री खरिद | २२५२२ | अन्तरिक श्रोत | २००००० |
| ८०४३७५०११०१ | विभिन्न संघ संस्थालाई सहयोग | २५३१५ | राजस्व बाँडफाड | ४००००० |
| ८०४३७५०११०१ | तिज कार्यक्रम | २२५२२ | राजस्व बाँडफाड | २५००० |
| ८०४३७५०११०१ | वडा नं ८ पञ्चेवाजा समूहलाई पोशाक खरिद | २५३१५ | राजस्व बाँडफाड | १५०००० |
| ८०४३७५०११०१ | विपद राहत तथा औषधी उपचार आर्थिक सहायता | २१२१९ | अन्तरिक श्रोत | ४००००० |
| ८०४३७५०११०१ | भैपरि आउने चालु खर्च | २८९११ | राजस्व बाँडफाड | १०८९० |
| ८०४३७५०११०१ | विविध खेलकुद कार्यक्रम संचालन | २२५२२ | अन्तरिक श्रोत | ५००००० |
| ८०४३७५०११०१ | पाँचभाई चौतारा एकता महिला समूह फर्निचर खरिद | ३११२३ | संघीय सरकार | ५०००० |
| ८०४३७५०११०१ | तमु ल्होसार कार्यक्रम २०७८ संचालन | २२५२२ | अन्तरिक श्रोत | १८०००० |
| ८०४३७५०११०१ | पाँचभाई एकता दलित समूहको लागि पञ्चेवाजा वितरण कार्यक्रम | २२५२९ | अन्तरिक श्रोत | १५०००० |
| ८०४३७५०११०१ | बोराङखोला युवा क्लब खुला फुटवल प्रतियोगिता | २२५२९ | अन्तरिक श्रोत | २००००० |
| ८०४३७५०११०१ | रुद्र देवी युवा क्लब फुटवल कार्यक्रम | २२५२९ | अन्तरिक श्रोत | ५००००० |
| | जम्माः | | | ३७४०६१८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **घर वहाल कर**<br>आर्थिक ऐन, २०७७ बमोजिम घरधनिले वहालमा लगाएको संझौतामाउल्लेख गरेको रकमको १० प्रतिशत वा नगरवाट निर्धारित न्युनतम तोकिएको रकममा जुन वढी हुन्छ वढी रकमको आधारमा वहालकर लगाइने उल्लेख छ। कार्यालयले वहाल कर बुझाउन आउने करदाता वाहेक अन्यलाइ करको दायरामा ल्याएको छैन भने ल्याउन प्रयास समेत गरेको देखिदैन। अनिवार्य रुपमा तिर्नुपर्ने कर्पोरेट करदाताहरुवाट प्राप्त भएको घरवहाल रकम मात्र घरधनीहरुले तिर्ने गरेको अवस्था छ। तिर्नुपर्ने कति हो र तिरेको कति हो सो को अभिलेख व्यवस्थित रुपमा राखेको छैन। यस वर्ष पालिकाले घर बहाल कर रु.२ लाख ९१ हजार उठेको रेकर्ड पेश गरेको छ । पालिकाले वहालकरलाई व्यवस्थित गरी आन्तरिक आय वृद्धि गर्नेतर्फ जोड दिनुपर्ने देखिन्छ । | |
| २६ | | | **व्यवसाय कर**<br>स्थानीय सरकार संचलान ऐन,२०७४ को दफा ५८ मा आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था भएकोमा पालिकाले दर्ता तथा नविकरण गरेको रकम दाखिला राजस्वको software मा देखिएतापनी कुल व्यवसाय दर्ता गर्ने, नविकरण गर्ने तथा बाँकिको विवरण SYSTEM वाट देखिदैन । राजस्वको software मा नविकरण गर्ने, दर्ता गर्ने, वार्षिक कर नतिर्ने, समयमा नतिरेको कारण जरिवाना लगाएका करदाता आदिको छुट्टछुट्टै अभिलेख देखिने गरी राजस्वको software राख्नुपर्ने देखिन्छ। यस वर्ष नविकरण हुन बाँकी व्यवयायहरुबाट के कति रकम संकलन हुन बाँकी रहेको सम्बन्धमा एकीन गर्न सकिएन । | |
| २७ | | | **भवन नक्सा पास**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम पालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । नगरपालिकामा यस वर्ष घर नक्सा पासको लागि ५८ वटा घरहरु दर्ता भएको देखिन्छ । भने दर्ता भएका मध्ये १९ घरहरुलाई निर्माण सम्पन्न प्रमाणपत्र दिइएको छ । भने २५ वटा पुरानो घर अभिलेखिकरण गरिएको छ । १४ वटा घर कायम गरिएको छ । पालिकाले क्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी नगरपालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ । | |
| २८ | | | **आय ठेक्का नलागेको**<br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा गिट्टी वालुवा विक्रि वापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुंगा, गिट्टी, वालुवा उत्खनन संकलन क्रसिङ र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७५ मा सम्बन्धित स्थानीय तहले दोस्रो पक्षसँग ढुंगा, गिट्टी, वालुवा उत्खनन ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा संझौता गरी सोही बमोजिम राजस्व संकलन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाभित्र पर्ने देहाय बमोजिमको बगर वातावरणिय प्रभाव मूल्याङ्कनमा उल्लेख भए अनुसार ठेक्का नलागेका घाटहरुमा ३५८८१ घन मिटर मौज्दात रहेकोमा ७० प्रतिशत २५११८.८ घन मिटर उत्खनन गर्न सकिने उल्लेख भए अनुसार मू अ कर र अग्रीम कर समेत रु. ७१ लाख ३ हजार राजस्व संकलन हुने देखिन्छ । पालिकाले वातावरणिय प्रभाव मूल्याङ्कनलाई ख्याल नगरी ६ वटा घाटको मात्र सूचना प्रकाशन गरेको छ । जसमा ३ वटा ठेक्का लागेको देखिन्छ भने अन्य ३ वटाको आय ठेक्का नलागेकोमा पालिकाले पुनः सूचना निकालेको देखिएन । पालिकाले अमानतबाट राजस्व संकलन गर्न कुनै कदम समेत चालेको देखिएन । पालिकाले सबै घाटहरुलाई समेट्नेगरी नजिकको घाटहरुको प्याकेज बनाई ठेक्का आह्वान गर्ने र ठेक्का नलागेमा अमानतबाट समेत आन्तरिक आम्दानी बढाउनेतर्फ ध्यान दिनुपर्छ । | |

| क्र सं | स्थान | बार्षिक उत्खनन गर्न सकिने घन मिटर | प्रति घन मिटर प्राप्त हुने दर | अनुमानित राजस्व रकम मु अ कर बाहेक |
|---|---|---|---|---|
| १ | दबार क्षेत्र | १६२५.४ | २४७ | ४०१४७४ |
| २ | भत्कने पूल | ३४६५ | २४७ | ८५५८५५ |
| ३ | नागेथाटी १,३,४,५ र ६ | ३७१८.३ | २४७ | ९१८४२० |
| ४ | शहरे दह | १४७.४ | २४७ | ३६४०८ |
| ५ | तिर्थधाम | ११०६.७ | २४७ | २७३३५५ |
| ६ | जलविरे | २३५.७ | २४७ | ५८२१८ |
| ७ | आहाले | २८७० | २४७ | ७०८८९० |
| ८ | तिनपिप्ले बगर | १८२ | २४७ | ४४९५४ |
| ९ | ध्याउसे बगर | ५०५०.२२ | २४७ | १२४७४०४ |
| चेपे नदीको जम्मा | | १८४००.७ | | ४५४४९७८ |
| १० | मर्स्याङ्दी नदी भट्टेचौर माझीगाउँ | ६७१६.१ | २४७ | १६५८८७७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कुल जम्मा</td><td>२५११६.८</td><td></td><td>६२०३८५५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>
घटी मूल्याङ्कन गरी राजस्व संकलन<br>
प्रदेश आर्थिक ऐन २०७८ को अनुसुची ६ मा रोडा ढुंगा गिट्टी चिप्स गेग्रान चट्टानको संकलनको दर प्रति क्यु फिट रु ७ का दरले कर संकलन गर्ने उल्लेख छ। तर पालिकाले प्रति क्यु फिट रु.६ का दरले दर निर्धारण गरी सूचना प्रकाशन मार्फत यस वर्ष ३ वटा ठेक्का सम्झौता गरेको छ । यसरी देहायबमोजिमको ठेक्कामा प्रदेशको दरभन्दा न्यून मूल्याङ्कन भई कम राजस्व संकलन हुन गएको देखिन्छ। प्रदेश ऐनले व्यवस्था गरेको दर भन्दा घटी हुने गरी दर निर्धारण गरेको सम्वन्धमा सम्वन्धितलाई जिम्मेवार वनाउनु पर्ने रु.
<table>
<tr><th>स्थान</th><th>निर्माण सेवा</th><th>कुल उत्खनन परिमाण</th><th>मूल्याङ्कन हुनुपर्ने रकम</th><th>पालिकाले गरेको मूल्याङ्कन रकम</th><th>कबोल अंक</th><th>घटी रकम मूअकर बाहेक</th><th>मू.अ कर र अग्रीम कर समेत कम हुने रकम</th></tr>
<tr><td>मर्स्याङ्दी नदी नौविबे घाट</td><td>ज्वालामुखी निर्माण सेवा ठेक्का नं २</td><td>२१३४।९</td><td>५२७३२०.३</td><td>४५२५९८.८</td><td>४५७०००</td><td>७०३२०.३</td><td>८०५१७</td></tr>
<tr><td>चेपे नदी बेलौते घाट</td><td>मंगलमार्ग कन्स्ट्रक्सन एण्ड क्रसर प्रा लि</td><td>१२२०.४५</td><td>३०१४५१.१५</td><td>२५८७३५.४</td><td>२५८८००</td><td>४२६५१.१५</td><td>४८८३६</td></tr>
<tr><td>चेपे नदी गंगटे घाट</td><td>राइनास कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा लि ठेक्का नं ६</td><td>२१४८.७९</td><td>५३०७५१.१३</td><td>४५५५४३.४८</td><td>४५६०००</td><td>७४७५१.१३</td><td>८५५९०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>२१४९४३</td></tr>
</table>
</td><td>२१४,९४३</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>
ब्याकहु लोडरवाट भएको कार्यको प्राविधिक मूल्यांकन नभएको<br>
सार्वजनिक खरिद नियमावलीको नियम १२३ अनुसार निर्माण कार्यको नापजाँच गरी प्राविधिक मुल्याँकनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले व्याक हो लोडर सञ्चालन खर्च शिर्षकमा अपरेटरको भत्ता, इन्धन तथा मर्मतवापत वार्षिक रु.१६३४९६७ खर्च लेखेकोमा वर्षभरी कुनै पनि व्यक्ति तथा संस्थालाई भाडामा नलगाएकोले यसबाट वार्षिक आम्दानी शुन्य रहेको पाइयो। करोडौं रकम खर्चेर खरिद भएको व्याक हो लोडरवाट पालिकाले शुन्य आम्दानी गर्नु औचित्यपूर्ण देखिएन। वार्षिक कुन– कुन योजनामा कति कति घण्टा प्रयोग गरियो भनी सोको रेकर्ड समेत अद्यावधिक नगरेको तथा सोको प्राविधिक मूल्यांकन समेत गरेको पाइएन। पालिकाले वाटो मर्मत, विद्यालय भवन निर्माण स्थल, तथा राजनितिक दलको भवन निर्माण स्थल लगायतका कार्यमा मेशिनको प्रयोग गरी बार्षिक तेल तथा डोजर चालक
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तथा हेल्परको तलब भत्ता, इन्धन र मर्मतमा रु.१६ लाख ३५ हजार खर्च भएको छ। नगरपालिकाले योजनामा भएको खर्च वराबरको प्राविधिक मूल्यांकन समेत नगरेकोले कुन— कुन योजनामा मेशिन प्रयोग भएको हो सोको प्राविधिक मुल्यांकन सहित खर्चको अभिलेख राखि सरकारि श्रोत साधनबाट प्राप्त रकम संचितकोष दाखिला गर्ने पद्दति अवलम्बन गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>ब्यकहोलोडरको मर्मत खर्च<br>बजेट खर्च गर्दा तोकिएको बजेट शिर्षक र कार्यक्रमको उदेश्य तथा कार्यक्रम सँग सम्कन्धित खर्च सोही शिर्षकमा गर्नुपर्दछ। भौ .नं १९ मिति २०७९।३।८ बाट बाब बिश्वकर्मा अटो पार्टसको बिल अनुसार ब्याकहोलोडर मर्मत बापत रु १४९१४८ खर्च गरेको देखिन्छ । उक्त खर्च १५ बेड अस्तालको कन्टिन्जेन्सी बाट गरेको देखियो । १५ बेडको अस्पताल ठेक्का पट्टाबाट भएको र ब्याकहोलोडरको मर्मत खर्च अस्पतालको कन्टिन्जेन्सी बाट गर्न नमिल्ने हुनाले खर्च नियमित नदेखिएको रु</td><td>१४९,१४८</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>ब्याकहु लोडरको आम्दानी प्राप्त नभएको<br>कार्यपालिकाको निर्णय बमोजिम प्रयोग गर्न विभिन्न व्यक्ति तथा संस्थालाई प्रयोग गर्न दिएबापत ब्याकहु लोडर भाडा प्रतिघण्टा रु.२००० लिने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष ब्याकहु लोडर प्रयोग गर्न देहायबमोजिम व्यक्ति तथा संस्थालाई दिएको देखिन्छ । व्यक्तीको निजी काममा प्रयोग भएको तर पालिकालाई रकम नबुझाएको मेसिन प्रयोजगकर्तालाई जिमेवार बनाई असुल गर्नुपर्ने रु.५८००, व्यक्तिबाट मेसिनको भाडा उठाएको तर पालिकाको राजस्वमा जम्मा नभएको रु.९००० र उपभोक्ता तथा संस्थाले पालिकाको योजनामा मेसिन प्रयोग गरेको गरी मेसिन भाडा नतिरेको रु.५७००० गरी कुल असुल गर्नुपर्ने देखिएको रु.
<table>
<tr><th>सि.नं</th><th>भाडमा लिने व्यक्ती/संस्था</th><th>ठेगाना</th><th>गरेको काम</th><th>लकबुकमा काम गरेको मिति</th><th>प्रयोग घण्टा</th><th>प्रतिघण्टाको दर</th><th>उठ्नुपर्ने रकम</th></tr>
<tr><td colspan="8">व्यक्तीको निजी काममा प्रयोग भएको तर पालिकालाई रकम नबुझाएको</td></tr>
<tr><td>१</td><td>वडा सदस्य हिरालाल श्रेष्ठ</td><td>वडा नं ५</td><td>नयाँ बाटो खनेको</td><td>२०७८।८।२०</td><td>२ घण्टा ५४ मिनेट</td><td>२०००</td><td>५८००</td></tr>
<tr><td colspan="8">व्यक्तिबाट मेसिनको भाडा उठाएको तर पालिकाको राजस्वमा जम्मा नभएको</td></tr>
<tr><td>२</td><td>मदन न्यौपाने</td><td>वडा नं ५</td><td>घरको माटो लोड गरेको</td><td>२०७८।९।७ ( नगद बुझेको)</td><td>१ घण्टा ३० मिनेट</td><td>२०००</td><td>३०००</td></tr>
</table></td><td>६६,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | संगिता पाठक | वडा नं ६ | जग्गा सम्माको | २०७८।८।२६ ( नगद बुझेको) | ३ घण्टा | २००० | ६००० |
| उपभोक्ता समितिले प्रयोग गरी मेसिन भाडा नबुझाएको | | | | | | | |
| ४ | काइटारमा माछा पोखरी चोकबाट भित्र बाटो खनेको वडा नं ५ | | | २०७८।९।१७ | ६ घण्टा २४ मिनेट | २००० | १२८०० |
| ५ | सानो चौतारो जलविरे सडक खण्ड बाटो खनेको वडा नं ५ | | | २०७८।१०।२ | १० घण्टा ४२ मिनेट | २००० | २१४०० |
| ६ | तिन पिपले नगर डिल विरौटा सडक खण्ड वडा नं ५ | | | २०७८।१०।२३ | ७ घण्टा | २००० | १४००० |
| ७ | जन विकास सहकारीको सामान झारेको | | | २०७८।१०।२५ | १ घण्टा ३० मिनेट | २००० | ३००० |
| कुल जम्मा | | | | | ३३ घण्टा | २००० | ६६००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **दोहोरो पदाधिकारी सुविधा**<br>**..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९-१२-१६ को निर्णयबाट रु. २०४७५ ।-सम्परीक्षण गरी बाँकी रु ५२७० थप बेरुजू कायम गरिएको छ । )** | ० |
| ३४ | | | **वितरणमुखि कार्यमा खर्च**<br>पालिकाले चालु खर्च मितव्ययी र पुँजिगत खर्च नतिजामुलक तथा प्रतिफल देखिने गरी गर्नुपर्दछ । निम्नानुसार भौचर नं तथा मितिबाट नतिजाप्राप्त नहुने कार्यमा नगरपालिकाको पुजिगत खर्च गरेको देखियो । यसरि वितरणमुखि एवं प्रतिफल प्राप्त नहुने कार्यमा खर्च गर्नु मितव्ययीताको सिद्धान्त विपरित हुने हुनाले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |

| सि.नं | भौ.नं। मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | २१४।०७९।१।५ | कोके गाँउ पन्चेबाजा तथा नौमति बाजा समुह ( बाजा खरिद ) | १४९१६० |
| २ | २१५।०७९।२।५ | सातबिसे महिला समुहलाइ भाँडाकुडा खरिद | १००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३</td><td>३४०।०७९।३।१५</td><td>नवकिरण युवा क्लबलाइ साउन्ड सिस्टम खरिद</td><td>१९८११२</td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td>४४७२७२</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>शिर्षक फरक पारी खर्च<br>भौचर नं ४५६।०७८।११।१५ बाट विशिष्ट व्यक्ती तथा जनप्रतिनिधी मण्डलको भ्रमण शिर्षकबाट खाजा तथा खानाको विल भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको रु.</td><td>१६,२७५</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>खर्चको मापदण्ड बेगरको भुक्तानी<br><br>........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई भएको आधारमा मिति २०७९-१२-१६ को निर्णयबाट रु. १०८८०।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>ग्रेड रकम बढी भुक्तानी<br>........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई भएको आधारमा मिति २०७९-१२-१६ को निर्णयबाट रु. १४२९९।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>जिन्सी सामाग्री फिर्ता नगरेको<br>आर्थिक कार्याबिधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ को दफा ४४ तथा नियमावली २०७७ को नियम १०३ बमोजिम कुनै कर्मचारी सरुवा ,बढुवा ,कुनै कारणले कार्यालय छाडी जाँदा वा सो जिम्मेवारीबाट अलग हुँदा आफ्नो जिम्मामा रहेको नगद तथा जिन्सी मालसामान बरबुझारथ गर्नुपर्ने व्यवस्था छ । साविक रोजगार संयोजक शेखरनाथ न्यौपानेले कार्यालयमा रहदा प्रयोग गरेको देहायबमोजिमको सामाग्री करार सेवा अवधि समाप्त भएपछि हालसम्म सामाग्री फिर्ता नगरेकाले निजलाई जिम्मेवार बनाई समाग्री फिर्ता गर्ने अन्यथा सामाग्रीको खरिद मूल्य बराबरको रकम असुल गर्नुपर्ने रु.<table>
<tr><td>जिन्सी प्रयोग गर्ने व्यक्तिको नाम</td><td>सामाग्रीको विवरण</td><td>संख्या</td><td>मूल्य</td></tr>
<tr><td>शेखरनाथ न्यौपाने (तत्कालिन रोजगार संयोजक)</td><td>Dell I7 Laptop</td><td>१ थान</td><td>७२५६६</td></tr>
</table></td><td>१४४,२४७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>Camera Cannon 800 D</td><td>१ थान</td><td>७१६८१</td></tr><tr><td colspan="3">जम्मा रकम</td><td>१४४२४७</td></tr></table></td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>प्रोत्साहनमा कर कट्टी नगरेको<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिम प्रोत्साहन भत्ता दिँदा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने उल्लेख छ । निम्नानुसार भत्ता भुक्तानी गर्दा कट्टा नगरेकाले असुल गरी दाखिला गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३९.१</td><td></td><td></td><td>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई भएको आधारमा मिति २०७९-१२-१६ को निर्णयबाट रु. २४२५५।-सम्परीक्षण गरिएको र बाँकी नविन कुमार बरालको रु ३४६५ तल थप बेरुजू कायम गरिएको छ।)</td><td>०</td></tr>
<tr><td>३९.२</td><td></td><td></td><td>.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९-१२-१६ को निर्णयबाट तेजनाथ पोखेलको रु. ७००० ।-सम्परीक्षण गरी बाँकी रु ७००० तल थप बेरुजू कायम गरिएको । )</td><td>०</td></tr>
<tr><td>३९.३</td><td></td><td></td><td>ख) भौचर नं ७५२।०७९।३।६ बाट नगरपालिकामा कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरु ६६ जनालाई प्रति व्यक्ति रु.१५६०० का दरले रु.१०२९६०० प्रोत्साहन रकम उपलब्ध गराएकोमा १ प्रतिशत कर कट्टी नगरेकाले कर कट्टी हुनुपर्ने रकम स्वयंसेविकाहरुबाट प्रतिव्यक्ति रु.१५६ का दरले असुल गर्नुपर्ने रु.</td><td>१०,२९६</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>बिमा पोलिसि बेगर बिमा रकम भुक्तानी<br>पशुधन बिमा बापतको प्रिमियम रकम भुक्तानी गर्नको लागी बिमा पोलिसि एवं कृषकले बिमा गरेको प्रमाण पेश गर्नुपर्दछ । भौ.नं ५३।०७९।३।२३ बाट जनविकास सहकारी संस्था लिमिटेड लाइ प्रति ग्राही रु ५००० को दरले ३१ ग्राहिको रु १५५००० ढुवानी अनुदान दिएकोमा ३१ पशुधनको बिमा गरेको प्रिमियम एवं पोलिसि पेश हुनुपर्ने ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रम<br>नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धि ऐन २०७५ बमोजिम उपयुक्त सुरक्षित र बातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपुर्ति गर्न गरिबिको रेखामुनि रहेका , प्रकोपका कारण घरबार बिहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्रिहरु खरिद गरि पराल वा खरको छाना भएका घर परिवारलाइ जस्ताको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छानामुनि ल्याउने उदेश्यले यो कार्यक्रम संचालन भएको र कार्यक्रम कार्यान्वयन गर्नको लागि सुरक्षित नागारिक आवास कार्यबिधि २०७५ लागु गरेको देखिन्छ । नगरपालिकाले ४१ जना लाभग्राही छनौट गरी प्रथम किस्तावापत रु १२३०००० खर्च गरेको छ र यो वर्ष (२०७८।७९) मा अन्तिम किस्ता वापत ३२ जनालाई रु ६४०००० भुक्तानी गरेको देखिन्छ।प्रथम किस्ता प्राप्त गरेका ९ जना लाभग्राहीलाइ प्रथम किस्तावापत रु २७०००० भुक्तानी गरेको भएतापनि दोश्रो किस्ताको रकम नलगेको देखियो। सुरक्षित नागरिक आवास कार्यान्वन कार्यविधि २०७५ को दफा ६ मा अनुदान रकम जुन प्रयोजनको लागि अनुदान उपलब्ध गराएको हो सोहि प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराएको मितिले तिन महिना भित्र नगरेमा लाभग्राहिबाट अनुदान रकम स्थानिय तहले असूल उपर गर्नुपर्ने उल्लेख गरेकोले प्रथम किस्ता लिएका ९ जनालाइ दोश्रो किस्ता भुक्तानी नगरेकोले प्रथम किस्ताको रु ३०००० का दरले असूल गर्नुपर्ने रु | २७०,००० |
| ४२ | | | **बढी दरमा भ्रमण खर्च भुक्तानी**<br>गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ बमोजिम नगरपालिकाको उप प्रमुखले भ्रमण खर्च वापत प्रतिदिन रु.१६०० को दरले सुविधा प्राप्त गर्नेमा भौचर नं ३८ बाट मिति २०७८।४।७ देखि ११ सम्म र मिति २०७८।५।९ देखि १३ सम्म काठमाण्डौं भ्रमणमा जाँदा रु.१८०० का दरले भ्रमण खर्च लिएकाले ८.५ दिनको प्रतिदिन रु.२०० का दरले असुल गर्नुपर्ने रु. | १,७०० |
| ४३ | | | **पाइप खरिद** | |
| ४३.१ | | | ४१।०७९।३।२१ बाट नगर प्रमुखले विभिन्न मितिमा विभिन्न साइजका पाइपहरु व्याक्ती तोकी उपलब्ध गराइदिन सप्लायर्सलाइ पत्र लेखेको देखिन्छ । न्यु जगदम्बा सप्लायर्सलाइ नगर प्रमुख आफैले पाइप दिन पत्र लेखु र कार्यालयले भुक्तानी दिने कार्य नियमित नदेखिएको रु | ४९७,६५२ |
| ४३.२ | | | २६५।०७९।१।१३ बाट विभिन्न वडाका बासिन्दालाइ पाइप आवश्यक परेको उल्लेख गरी नगर प्रमुखले पृथक हार्डवयर लमजुङलाइ पटक पटक पत्र लेखेको आधारमा उक्त सप्लायर्सले रु ४४८०९५ को बिल पेश गरि भुक्तानि गरेको देखियो । उक्त पाइप प्रयोगको प्राविधिक लगत इस्टिमेट नभएको, मेयरले सोझै बिक्रेतालाइ पाइप उपलब्ध गराउन पत्र लेखु नियमित समेत नभएको र खरिद/ वितरण पश्चात प्राविधिक नापि बेगरको खर्च पुष्ट्याइ हुन नसकेको रु | ४४८,०९५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४</td><td></td><td></td><td>प्रकोप व्यवस्थापन कोष<br>बाढि पहिरो, रोकथाम राहत, उद्धार तथा पुर्नस्थापना गर्न प्रकोप व्यवस्थापन कोषमा रकम व्यवस्था गरेको देखियो । बजेट तथा खर्चको स्थिति निम्न छन।
<table>
<tr><td>सि.नं</td><td>बजेट शिर्षक</td><td>बजेट</td><td>खर्च</td><td>खर्च प्रतिशत</td></tr>
<tr><td>१</td><td>प्रकोप राहत, उद्धार तथा पुर्नस्थापना राहत वितरण</td><td>३०००</td><td>२३४१</td><td>७८।०५</td></tr>
<tr><td>२</td><td>औषधि उपचार खर्च , आर्थिक सहायता</td><td>६२७</td><td>६२५</td><td>९९।६४</td></tr>
<tr><td>३</td><td>कोभिड १९ खर्च</td><td>२४००</td><td>२६१</td><td>१०।७८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६०२७</td><td>३२२७</td><td>५३।५४</td></tr>
</table>
उपरोक्त अनुसार कोभीड खर्च नियन्त्रण तर्फ गएको औषधि उपचार तथा आर्थिक सहायता वितरणमा बढि खर्च गरेको देखिन्छ। औषधि उपचार तथा आर्थिक सहायता नगदमा वितरण गर्नु सट्टा सरकारी एवं सामुदायीक अस्पतालहरुसंग समन्वय गरी उपचारमा सहुलियत दिने सम्बन्धमा उपयुक्त निर्णय गरि नगरपालिकाको आन्तरिक आय न्युन भएको अवस्थामा औषधि उपचारमा नगद आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>पेश्की बाँकी<br>........... (प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भएको आधारमा मिति २०७९-१२-१६ को निर्णयबाट सिभिल बैंकको रु. २७९५९६५४ ।-सम्परीक्षण गरी बाँकी रु ९१३६८१२ तल थप बेरुजू कायम गरिएको छ। )</td><td>०</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>सोझै खरिद<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ३१(१) मा रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । बर्ष भरी आवश्यक पर्ने यस्ता सामानको खरिद प्याकेज बनाई आवश्यक परेको बखत आपूर्ती गर्नेगरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नु पर्नेमा सोझै खरिद गर्नु नियमसम्मत नदेखिएको रु</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ.नं</td><td>खरिद विवरण</td><td>भुक्तानी पाउने</td><td>खरिद रकम</td></tr>
<tr><td>६४५।०७९।२।१०</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>सृष्टी स्टेशनरी एण्ड जनरल अर्डर सप्लायर्स</td><td>३८४१८८</td></tr>
<tr><td>६४६।०७९।२।१०</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>सृष्टी छापाखाना</td><td>१५१०२४</td></tr>
<tr><td>७५०।०७९।३।६</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>भर्डेन्ट इन्जिनियरिङ एण्ड इन्भाइरोमेन्टल सर्भिसेस</td><td>५९१६८४</td></tr>
<tr><td>८३३।०७९।३।२३</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>पब्लिक छापाखाना</td><td>२०००००</td></tr>
<tr><td>८४१।०७९।३।२४</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>स्काई प्रेस एण्ड ट्रेड लिंक प्रा लि</td><td>२८८८२८</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१६१५७२४</td></tr>
</table>
</td><td>१६१५,७२४</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>नर्मस बमोजिमको सामान बेगरको कार्य<br>३७९।०७९।३।२३ बाट सातविसे शिवालय मन्दिर निर्माणको लागी रु ३३०५१२।१६ को लागत अनुमान भएकोमा रु ३३३८३६ को कार्य सम्पन्न गरेको देखिन्छ । पेश भएको कार्य सम्पन्न प्रतिबेदनको आइटम नं १ मा १:६ को जोडाइमा इट्टाको गारो लगाउने कार्यमा ६.३५ घ.मि. कार्य गरेबापत रु ८६१२१ भुक्तानी गरेकोमा इट्टा खरिद गरेको देखिएन । सामान दरिद बेगर काम नहुने हुनाले प्रती घ.मि. नर्मस अनुसार ५६० इट्टा आवश्यक पर्ने हुनाले ३५५६ गोटा इट्टाको खरिद गोभौमा नदेखिएकोले सामान बेगर काम प्रमाणित भएको रु</td><td>८६१२१.६२</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>पालिकाको स्वामित्वमा रहने संरचना उपभोक्ता समिति मार्फत निर्माण<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम निर्माण पश्चातको स्वामित्व ग्रहण हुने मर्मत सम्भारको जिम्मा लाभग्राही समुदायले लिने कार्यमा उपभोक्ता समिति मार्फत कार्य गराउन सकीनेमा स्वामित्व हस्तान्तरण उपमोक्ता समितिलाइ नहुने एवं गर्न नसकिने निर्माण कार्य सम्पन्न भएपछी आवधिक रुपमा गरिने मर्मत सम्भारको काम उपभोक्ता समितिले नगर्ने वा गर्नुपरेमा थप खर्च पालिकाले व्यहोर्नु पर्ने अबस्थामा देहाय बमोजिम मर्मतका कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएकोले खर्च नियमित नदेखिएको रु
<table>
<tr><td>सि.न</td><td>भौ.नं ।मिति</td><td>कामको विवरण</td><td>लागत अनुमान</td><td>सम्पन्न</td><td>खर्चमा न.पा. को योगदान</td></tr>
<tr><td>१</td><td>३४८।०७९।३।१९</td><td>वडा नं ७ को कार्यालय भवन निर्माण</td><td>११०२५३७</td><td>११०३२७०</td><td>१००००००</td></tr>
<tr><td>२</td><td>३७०।०७९।३।२२</td><td>वडा नं १ को कार्यालय भवन निर्माण</td><td>११०३४८</td><td>११३४६९</td><td>१०००००</td></tr>
</table>
</td><td>२५६४,५५१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>३७४।०७९।३।२३</td><td>वडा नं ६ को कार्यालय भवन निर्माण</td><td>१११३१०</td><td>१२२६९८</td><td>१०००००</td></tr>
<tr><td>४</td><td>३९९।०७९।३।२४</td><td>वडा नं ७ को कार्यालय भवन निर्माण</td><td>४९५९३५</td><td>४९७३४६</td><td>४५००००</td></tr>
<tr><td>५</td><td>८५।०७९।३।२५</td><td>मोहरीयाबोट स्वास्थ चौकि निर्माण</td><td>१०४७५९५</td><td>१०४७५९५</td><td>९१४५५१</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२८६७७२५</td><td>२८८४३७८</td><td>२५६४५५१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>नर्मस भन्दा बढी खर्च<br>२६१।०७९।१।१२ बाट ताराकेश्वर शिवालय मन्दिर निर्माणको लागी रु ५५५८८ को लागत इस्टीमेट गरी रु ५०००० नगरपालिकाले व्यहोर्ने उल्लेख छ । उपभोक्ता समितिसँग भएको सम्झौता अनुसार १:६ को जोडाइमा इट्टाको गारो लगाउने कार्यमा १.४९ घ.मी. को दर रु १५०६५।३० ले रु २२४३२ खर्च गरेको देखिन्छ । नर्मस बमोजिम उक्त कार्य गर्न ८३५ गोटा इट्टा चाहिनेमा १५० गोटा मात्र खरिद गरेबाट उक्त इट्टाले ०.२६ घ.मि. मात्र काम हुन सक्ने हुनाले सोको रु १५०६५।३० का दरले रु ४०३५।३४ मात्र खर्च गर्नुपर्नेमा रु २२४३२ गरेकोले रु १८३९६ को नगरपालिकाले बढी भुक्तानी गरेको देखिएकोले सुधार हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>कार्यसम्पन्न तयार नगरेको<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५ बमोजिम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । भौचर नं ८५५।०७९।३।२४ बाट पृथक हार्डवयर एण्ड सप्लायर्सबाट कार्यालयले सूचना पाटी, उजुरी पेटीका निर्माणको सामाग्री रु.१२०६९२ मा खरिद गरी भुक्तानी दिएको देखिन्छ । तर उक्त सामाग्री प्रयोग गरी जडान गरेको कार्यसम्पन्न प्रतिवेदन तयार नगरेकाले सो सामाग्री उपयोग भए वा नभएको सन्दर्भमा एकीन हुन नसकिएकाले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु</td><td>१२०,६९२</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>पुर्व निर्धारित क्षतिपर्ती<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम आपुर्तिकर्ताले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्याद सम्पन्न हुन नसकेमा निजले सम्झौता रकमको प्रतिदिन ०.५ प्रतिशतका दरले पुर्व निर्धारित क्षतिपुर्ती लिनुपर्ने व्यवस्था छ वडा नं १ देखि १० सम्म सोलार बत्ति जडान गर्न रु १९०९२३१ को लमगत अनुमान भइ आपुर्तिकर्ता दिप लाइट इनर्जी सग रु १४९८०४१ मा मिति २०७९।२।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेको रहेछ। कार्यतालिका अनुसार काम सुरु नगरेकोले २०७९।२।१८ मा पत्र लेखेको देखिन्छ । भौचर नं ८३।०७९।३।२५ मा निजलाइ रु १४४९६६३ भुक्तानी गरेकोमा सक्कल बिल बिजक पेश नहुनुको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | साथै आपुर्ती कर्ताले २०७९।३।२२ मा कार्य सम्पन्न गरेको निबेदन दिएकोले २१ दिन ढिला गरी कार्य सम्पन्न गरेकोले नियमानुसार रु १९९२९ पुर्व निर्धनरित क्षतिपुर्ति असुल गर्नुपर्ने रु | १९,९२९ |
| ५२ | | | **घटी कार्यसम्पादन जमानत**<br>सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ११० को उपनियम ४ बमोजिम सम्झौतामा उल्लेख मालसामान आपुर्ती गर्नुपर्ने अन्तिम अबधी वा प्रत्याभुती(वारेन्टी ) को अवधि भन्दा कम्तिमा एक महिना बढि अवधिको हुनुपर्ने व्यवस्था छ। भौ.नं ४२।०७९।३।२५ बाट वडा नं १ देखि ५ सम्मका वडाको पावर ब्यापअप इन्भर्टर लगायतका विभिन्न सामान खरिद गर्नको लागी रु ५७३४७५ को लागत अनुमान गरी सिलबन्दी दरभाउपत्रबाट छनोट भएको आपुर्तिकर्ता दिपलाइट इनर्जी प्रालिसँग रु ३४९७३५ मा मिति २०७९।२।३० सम्ममा आपुर्ती गर्ने गरी सम्झौता गरेको देखियो । कार्य सम्पादा जमानत बापत २ बर्षको वारेन्टी पिरियड र थप एक महिना समेत २०८१ल।३।३० सम्मको रु ८६३४७ को कार्यसम्पादन जमानत लिनुपर्नेमा २०८०।४।१५ सम्मको लिएकोले घटी अवधिको कार्य सम्पादन जमानतको आधारमा सम्झौता गरेको देखियो । | |
| ५३ | | | **पावर ब्याकअपमा बढी भुक्तानी**<br>नगरपालिकाको ५ वटा वडाहरुमा पावर ब्याकअप जडान गर्ने कार्यको लागी ०७८।१२।६ मा विधुतिय बोलपत्रको माध्यमबाट प्रकाशित सुचना अनुसार न्युनतम दररेट पेश गरेको दिप लाइट इनर्जी प्रालि ले ६ देखि १० नं वडा कार्यालयमा जडान कार्य सम्पन्न गरेको र नगरपालिकाको जडान गर्न बाकि १ देखि ५ नं सम्मका वडा कार्यालयहरुमा समेत पावर ब्याकअप आवश्यक परेकोले न्युनतम दररेट पेश गर्ने सोही फर्मलाइ पुन बाकी वडाहरुको काम गराउने निर्णय भएकोमा १५० एम्पियरको १२ भोल्टको ब्याट्रीमा साबिक दर रु १८००० का दरले आपुर्ती गर्नुपर्नेमा रु २२००० का दरले आपर्ति गरेकोले १० थानको प्रतिथान रु ४००० ले ४०००० र भ्याट समेत बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु | ४६,२०० |
| ५४ | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ | |

| विद्यालय | शिक्षक दरवन्दी | स्थायी पदपुर्ती | पदपुर्ती मध्ये करार | विद्यार्थी संख्या |
| --- | --- | --- | --- | --- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३६ \| २५३ \| १६५ \| ८८ \| ४१७९<br>यस सम्बन्धमा निम्नानुसार देखिएको छ ।<br>• ३६ विद्यालयमा २५३ शिक्षक दरबन्दी रहेकोमा १६५ पदमा स्थायी पदपुर्ती भएको, ८८ जना करारमा शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ ।<br>• विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ।<br>• विद्यार्थी न्यून विद्यालयः ४३ विद्यालयहरुमध्ये देहायबमोजिम विद्यालयमा शिक्षक र विद्यार्थी न्यून रहेको देखिएकाले नजिकको विद्यालयमा मर्ज गर्नेतर्फ ध्यान दिनुपर्छ ।<br>सि नं \| विद्यालयको नाम \| स्वीकृत शिक्षक दरबन्दी \| कुल विद्यार्थी संख्या<br>१ \| सरस्वती प्रा वि ज्यामिरे \| २ \| १४ जना<br>२ \| शुर्दशन प्रा वि \| ३ \| ११ जना<br>३ \| विरेन्द्र शान्ति प्रा वि \| १ \| १२ जना<br>४ \| सिद्धार्थ प्रा वि \| १ \| १६ जना<br>५ \| मनकामना प्रा वि \| ० \| ४ जना<br>६ \| महेन्द्र ज्योति प्रा वि \| ० \| १३ जना<br>७ \| सन्त प्रा वि \| ० \| ४ जना | |
| ५५ | | | **अन्तर विद्यालय भ्रमणका लागि शिक्षकहरुलाई भ्रमण खर्च**<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं १.१.३.३ र १.१.३.४ बमोजिम विद्यालयका शिक्षकहरुले तलब भत्ता प्राप्त गर्ने व्यवस्था रहेको छ । विद्यालयको शिक्षकहरुलाई अन्य विद्यालयमा अनुगमन गर्नका लागी नेपाल सरकारले भ्रमण खर्च उपल्ध गराउने व्यवस्था कहीकतै गरेको देखिदैन र शिक्षहरुको काम विद्यालयमा विद्यार्थीहरुलाई नियमित | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पठनपाठन गराउनु भएकोले अनुगमन भत्ता दिनु उचित देखिएन। यसरी व्यवस्था नभएको रकम पालिकाले समानिकरण शिर्षबाट ३६ वटा विद्यायहरुलाई अन्तर विद्यालय भ्रमणका लागि विद्यालयको शिक्षहरुलाई भ्रमण खर्च भनी भुक्तानी दिएको रकम नियमस्मत नदेखिएको रु. | ४९९,५०० |
| ५६ | | | **ल्याब सामाग्री खरिद निकासा**<br>३१।०७९।३।२० शैलपुत्री नमुना माध्यमिक विधालयमा कृषी विज्ञान- १० लाख प्राविधिक धारका विधालयमा निकासा गरेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका ०७८।७९ मा ल्याब सामाग्री खरिद बापत भुक्तानी गरेको छ । ल्याबको निर्माण प्राविधिक धार सम्बन्धी विधालयमा प्राविधिक तथा व्यावसायीक शिक्षा संचालन निर्देशिका २०६९ र पाठयक्रमले तोकेको आधारमा विधालयले सार्वजनिक खरिद ऐन तथा नियमावली एवं शिक्षा तथ विज्ञान तथा मानब श्रोत विकास केन्द्रबाट स्वीकृत खरिद दिग्दर्शन बमोजिम ल्याब सामाग्री खरिद गरे नगरेको सुनिश्चितता गर्नुपर्ने रु | १०००००० |
| ५७ | | | **बढी भुक्तानी**<br>शैलपुत्री नमुना माध्यमिक विधालय राइनास ६ को भवन निर्माणको लागी रु १३३६६८३९ को लागत अनुमान भएको रहेछ। उक्त भवनको निर्माणको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु १५९१७४०७ खर्च गरेको देखिन्छ । हालसम्म विधालयलाइ रु १७४३७८६५ भवन निर्माण बापत निकासा गरेकोले प्राविधिक विल एवं कार्य सम्पादन प्रतिवेदन भन्दा रु १५२०४५८ बढी निकासा गरेको रकम विधालयबाट फिर्ता गराइ सशर्त अनुदानको रकम संघिय संचित कोषमा दाखिला गर्नुपर्नेमा दाखिला नगरी नगराइ विधालयको खातामा उक्त रकम रोक्का राख्न लेखि पठाउने गरी निर्णय गर्नु निर्देशिका एवं कानुन विपरित देखिएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा संचित कोष दाखिला गर्नुपर्ने रु | १५२०,४५८ |
| ५८ | | | **पेश्की दिन स्विकृत रकम विधालयलाइ निकासा**<br>७६।०७९।३।२४ नगरपालिका भित्रका सम्पुर्ण सामुदायिक विधालयलाइ वातावरणमैत्री हरियाली विधालयमा रुपान्तरण गर्ने कार्यालयको निर्णय बमोजिम विधालयलाक्ष बिरुवा रोपणको लागि खाडल निर्माण, बिरुवा रोपणको मल, बिरुवा संरक्षणको लागी तारजाली लगायतको कार्यका लागी २०७९ श्रमवण मसान्त भित्र कार्य सम्पन्न प्रतिबेदन , नापजाँच मुल्याङकन,अनुगमन प्रतिवेदन समेतको आधारमा पेश्की फर्छयौट गर्ने गरी विधालयमा निकासा दिने २०७९।३।२२ मा निर्णय गरेको देखिन्छ । अनुगमन नापजाँच लिने गरी पेश्की दिन स्विकृत गरेको रकम विधालयलाइ पुरै भुक्तानी गर्नु नियमित नहुनुको साथै अनुगमन प्रतिवेदन बेगर खर्च गरेको अनियमित देखिएको रु | ७३३,०९५ |
| ५९ | | | **दिवा खाजा बापतको रकम भुक्तानी** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यक्रम कार्यन्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.११.१ मा सममुदनयिक विधालयका बाल कक्षादेखि ५ कक्षासम्मका वाल वालिकाहरुका लागि प्रति बिधार्थी रु.१५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था छ। यस। दिवा खाजा बापतको खनुदान उपलब्ध गराउदा बिधालयको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि बिधालयका प्रधानध्यापक र वि.व्य.स. का अध्यक्षबाट प्रमाणीत गराइ अनुदान निकासा दिनुपर्ने व्यवस्था रहेकोमा नमुना छनोटको आधारमा पालिकाले दिवा खाजा उपलब्ध गराएको बिधालयको प्रमाणित हाजिरी परिक्षण गर्दा निम्न २ बिधालयले वास्तविक हाजिरिभन्दा बढी बिधार्थीको हाजिरी प्रमाणित गराइ अनुदान निकासा दिएको पाइयो । यसरी दिवा खाजा बापत बढी निकासा भएको रकम सम्बन्धीत बिधालयबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं</th><th>विधालयको नाम</th><th>भुक्तानी हुनुपर्ने</th><th>भुकतानी हुनुपर्ने</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>शैलपुत्री माध्यमिक विधालय</td><td>१२०२८५</td><td>१२८६२५</td><td>८३४०</td></tr>
<tr><td>२</td><td>विर भक्ती माध्यमिक विधालय</td><td>१६९७८०</td><td>१८०७५०</td><td>१०९७०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१९३१०</td></tr>
</table></td><td>१९,३१०</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन बापतको अनुदान<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ बमोजिम शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहनको लागी उल्लेखित शर्तहरुको आधारमा छनोट भएका विधालयहरुलाइ स्वीकृत बजेटको परिधिभित्र रही निर्धारित दररेट अनुसार अनुदान दिने तथा अनुदान प्राप्त विधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यान्वयन गरे नगरेको पालिकाले नियमित रुपमा अनुगमन गरी सो को प्रतिबेदन जारी गर्नुपर्ने व्यवस्था छ । १३ वटा विधालयलाइ सिकाइ सुद्दढिकरण एवं कार्य सम्पादन बापतको प्रोत्सानको लागि रु. ५६००००० निकासा भएकोमा प्रतिबेदन प्राप्त गरी निकासा रकमको सुनिश्चितता गर्नुपर्ने रु.
<table>
<tr><th rowspan="2">क्र.स.</th><th rowspan="2">विद्यालयको नाम</th><th colspan="6">कार्यक्रमहरु</th><th></th><th></th></tr>
<tr><th>लाइब्रेरी</th><th>उत्कृष्ट सिकाइ उपलब्धी</th><th>सुचना संचार प्रविधि आइसिटी</th><th>विज्ञान प्रयोगशाला</th><th>सिकाइ सुद्धढीकरण</th><th>MGML</th><th>ल्याव सामग्री सहयोग अनुदान</th><th>जम्मा</th></tr>
<tr><td>1</td><td>श्री महेन्द्र बाल बिकास मा.बि</td><td></td><td></td><td>650000</td><td></td><td>50000</td><td></td><td></td><td>700000</td></tr>
<tr><td>2</td><td>श्री ज्ञानोदय मा.बि</td><td></td><td></td><td>650000</td><td></td><td></td><td></td><td></td><td>650000</td></tr>
</table></td><td>५६००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 3 | श्री सौभाग्योदय नमुना मा.बि | | 200000 | | | | | | 200000 |
| 4 | श्री शिशु विद्याश्रम मा.बि | 650000 | | | | | | 200000 | 850000 |
| 5 | श्री शैलपुत्री नमुना मा.बि | | | | | 50000 | | 200000 | 250000 |
| 6 | श्री शारदा मा.बि | 650000 | | | | 50000 | | | 700000 |
| 7 | श्री बीरभक्ति मा.बि | | | | 650000 | | | | 650000 |
| 8 | श्री रुद्र मा.बि | 650000 | | | | 50000 | | | 700000 |
| 9 | श्री भैरव मा.बि | | | | | 50000 | | | 50000 |
| 10 | श्री जनता मा.बि | | | | | 50000 | | | 50000 |
| 11 | श्री बुद्धमिलन मा.बि | | | 650000 | | 50000 | | | 700000 |
| 12 | श्री कालिका आ.बि | | | | | 50000 | | | 50000 |
| 13 | श्री प्रगति प्रा.बि | | | | | | 50000 | | 50000 |
| | जम्मा रकम | 1950000 | 200000 | 1950000 | 650000 | 400000 | 50000 | 400000 | 5600000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **विद्यालय सुधार तथा सामाजिक लेखापरीक्षण अनुदान**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका क्रियाकलाप नं २.७.११.१० मा विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण गर्नका लागि आधारभूत विद्यालयलाई प्रतिविद्यालय रु.१०००० र माध्यमिक विद्यालयकालई प्रति विद्यालय रु.१५००० का दरले र विद्यालयहरुलाई विद्यालय सुधार योजनाका लागि माध्यामिक तहलाई रु.२०००० र आधारभूत तहलाई रु.१५००० का दरले अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । ३६ वटा विद्यालयहरुलाई विद्यालय सुधार योजना निर्माणको लागि रु ५९५००० र ३६ वटा विद्यालयलाई सामाजिक लेखापरीक्षणको लागि रु.४१५००० निकासा भएकोमा लेखापरीक्षणको क्रममा विद्यालय सुधार योजना र सामाजिक लेखापरीक्षणको प्रतिवेदन पेश नभएकाले प्रतिवेदन पेश गर्नुपर्ने रु. | १०१०,००० |

| क.स | विद्यालयको नाम | विधालय सुधार योजना | लेखापरीक्षण |
|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | | |

| | | | |
| --- | --- | --- | --- |
| १ | श्री महेन्द्र बाल विकास माध्यमिक विद्यालय | २०००० | १५००० |
| २ | श्री ज्ञानोदय माध्यमिक विद्यालय | २०००० | १५००० |
| ३ | श्री सौभाग्योदय नमुना माध्यमिक विद्यालय | २०००० | १५००० |
| ४ | श्री शिशु विद्याश्रम माध्यमिक विद्यायल | २०००० | १५००० |
| ५ | श्री शैलपुत्री नमुना माध्यमिक विद्यालय | २०००० | १५००० |
| ६ | श्री शारदा माध्यमिक विद्यालय | २०००० | १५००० |
| ७ | श्री बीरभक्ति माध्यमिक विद्यालय | २०००० | १५००० |
| ८ | श्री रुद्र माध्यमिक विद्यालय | २०००० | १५००० |
| ९ | श्री भैरव माध्यमिक विद्यालय | २०००० | १५००० |
| १० | श्री जनता माध्यमिक विद्यालय | २०००० | १५००० |
| ११ | श्री बुद्धमिलन माध्यमिक विद्यालय | २०००० | १५००० |
| १२ | श्री कालिका आधारभूत विद्यालय | १५००० | १०००० |
| १३ | श्री सरस्वति प्राथमिक बिद्यालय | १५००० | १०००० |
| १४ | श्री चम्पावति प्राथमिक बिद्यालय | १५००० | १०००० |
| १५ | श्री जनचेतना प्राथमिक बिद्यालय | १५००० | १०००० |
| १६ | श्री प्रगति प्राथमिक बिद्यालय | १५००० | १०००० |
| १७ | श्री बसन्ताबति प्राथमिक बिद्यालय | १५००० | १०००० |
| १८ | श्री बिरेन्द्रदीप प्राथमिक बिद्यालय | १५००० | १०००० |
| १९ | श्री चण्डी प्राथमिक बिद्यालय | १५००० | १०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०</td><td>श्री मिलन प्राथमिक बिद्यालय</td><td>१५०००</td><td>१००००</td></tr>
<tr><td>२१</td><td>श्री सरस्वती प्राथमिक बिद्यालय</td><td>१५०००</td><td>१००००</td></tr>
<tr><td>२२</td><td>श्री अमर ज्योति प्राथमिक बिद्यालय</td><td>१५०००</td><td>१००००</td></tr>
<tr><td>२३</td><td>श्री शुभोदय प्राथमिक बिद्यालय</td><td>१५०००</td><td>१००००</td></tr>
<tr><td>२४</td><td>श्री शुर्दशन प्राथमिक बिद्यालय</td><td>१५०००</td><td>१००००</td></tr>
<tr><td>२५</td><td>श्री कृष्ण प्राथमिक बिद्यालय</td><td>१५०००</td><td>१००००</td></tr>
<tr><td>२६</td><td>श्री शान्ति देवी प्राथमिक बिद्यालय</td><td>१५०००</td><td>१००००</td></tr>
<tr><td>२७</td><td>श्री दुर्गादिबी प्राथमिक बिद्यालय</td><td>१५०००</td><td>१००००</td></tr>
<tr><td>२८</td><td>श्री बिरेन्द्र शान्ति प्राथमिक बिद्यालय</td><td>१५०००</td><td>१००००</td></tr>
<tr><td>२९</td><td>श्री सप्त कन्या प्राथमिक बिद्यालय</td><td>१५०००</td><td>१००००</td></tr>
<tr><td>३०</td><td>श्री देवी प्राथमिक बिद्यालय</td><td>१५०००</td><td>१००००</td></tr>
<tr><td>३१</td><td>श्री गौतम प्राथमिक बिद्यालय</td><td>१५०००</td><td>१००००</td></tr>
<tr><td>३२</td><td>श्री सिद्धार्थ प्राथमिक बिद्यालय</td><td>१५०००</td><td>१००००</td></tr>
<tr><td>३३</td><td>श्री महेन्द्र प्राथमिक बिद्यालय</td><td>१५०००</td><td>१००००</td></tr>
<tr><td>३४</td><td>श्री मनकामना प्रा.बि</td><td>१५०००</td><td>१००००</td></tr>
<tr><td>३५</td><td>श्री महेन्द्र ज्योति प्रा.बि</td><td>१५०००</td><td>१००००</td></tr>
<tr><td>३६</td><td>श्री सन्त प्रा.बि</td><td>१५०००</td><td>१००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५९५०००</td><td>४१५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>निर्माण सम्पन्न एवं निकासा रोक्का</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमि भक्तपुरको च.नं २२५ मिति २०७९।३।१७ को पत्रबाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन अन्तर्गत कार्यक्रम छनोट एवं वितरण गर्दा कोभीड १९ को प्रभावका कारण भएको ढिलाइ ,त्रैमासिक श्रोतको फुकुवामा भैएको ढिलाइ र स्थानीय तहको निर्वाचन जस्ता कारणले ०७८।७९ भित्र सम्पन्न हुन नसकेतापनी विधालयलाइ नै जिम्मेवार र जवाफदेहि बनाउने गरी विधालयलाइ निकासा दिइ निर्माण कार्य सम्पन्न नभइ रोक्का राखी कार्य प्रगतिको आधारमा फुकुवा गर्ने गरी निकासा दिने पत्रको आधारमा निम्नासुरका विधालयलाइ निकासा गरी विधालयको खातामा निकासा रोक्का गरेको छ । भौ. नं 71।०७९।३।२४ मा निकासा गरेका विधालयलाइ तोकिएको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु
<table>
<tr><th>सि.नं</th><th>विधालयको नाम</th><th>कार्यक्रम</th><th>निकासा रकम</th></tr>
<tr><td>१</td><td>ज्ञानोदय मावि, अल्काटार</td><td>४ कोठे</td><td>३०६८०००</td></tr>
<tr><td>२</td><td>जनता मावि, कुडुले</td><td>२ कोठे</td><td>१९०००००</td></tr>
<tr><td>३</td><td>विरभक्ती मावि, तार्कुघाट</td><td>४ कोठे</td><td>२४६४०००</td></tr>
<tr><td>४</td><td>शारदा मावि, गरमबेशी</td><td>४ कोठे</td><td>३१७६०००</td></tr>
<tr><td>५</td><td>शिशु विधाश्रम मावि, तनपिप्ले</td><td>४ कोठे</td><td>३२०६०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१३८१४०००</td></tr>
</table>
यसरी बजेट खर्चको प्रतिफल सोही बर्मा हुने गरि बजेट तर्जुमा गर्नुपर्नेमा आर्थिक बर्षको अन्यमा बजेट फ्रिज हुन नदिने उदेश्यले विधालयलाइ निकासा गर्ने र खाता रोक्का राख्नु उपयुक्त होइन यसमा सुधार गर्नुपर्दछ ।</td><td>१३८१४०००</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>पालिकालले विभिन्न विद्यालयहरुमा करार शिक्षक राखि खर्च लेखेको<br>पालिकाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा जिल्ला शिक्षा समन्वय समितिसँग परामर्श गरी स्वीकृत दरबन्दी अनुसारक पदपुर्ति गरी शिक्षकहरुलाई सशर्त शिर्षकबाट तलब भत्ता खुवाउनुपर्छ । पालिकाले आन्तरिक स्रोतको ख्याल नगरी समानिकरण शिर्षकको रकमबाट ७ वटा विद्यालयमा ८ जना करार शिक्षक नियुक्ती गरी प्रतिशिक्षक मासिक रु.३७९९० का दरले यस आर्थिक बर्ष रु.२२९८३९५ खर्च गरेको देखिन्छ । यसरी विद्यालयलाई आवश्यक दरबन्दी सम्बन्धीत निकायमा माग नगर्ने र करारमा शिक्षक भर्ना गरी तलबभत्तामा खर्च गरेको रकम नियम सम्मत देखिएन । पालिकाले स्वीकृत दरबन्दी अनुसारको शिक्षक माग गरी करारमा शिक्षक भर्ना गर्ने प्रवृतिलाई अन्त्य गर्नुपर्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **प्र.अ. भत्ता बढी भुक्तानी**<br>कार्याक्रम कार्यान्वन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं १.१.३.३ मा प्राथमिक विधालयको प्र.अ. को लागि मासिक रु २००, निम्नमाध्यमिक विधालयको प्र.अ. को लागि मासिक रु ३०० र माध्यमिक विधालयको प्र.अ.को लागि मासिक रु ५०० प्र.अ. भत्ता उपलब्ध गराउने व्यवस्था छ । पालिकाभित्र संचालित सामुदायीक विधालयका प्रअ हरुलाइ पालिकाले थप रु ७५० उलब्ध गराउने निर्णय गरी उक्त रकम भुक्तानी गरेको देखिन्छ ।यसरि सशर्त अनुदानको रकम पालिकाले निर्णय गरी अन्य प्रयोजनमा खर्च गर्नु कानुन सम्बत नभएकोले ३६ वटा सामुदायीक विधालयका प्र.अ. हरुलाइ प्र.अ. भत्ता बापत भुक्तानी गरिएको रकम फिर्ता गरी सँघीय संचित कोष दाखिला गर्नुपर्ने रु | ३२४,००० |

| क.स | प्रधानाध्यापकको | विद्यालयहरुको | ठेगना | रकम |
|---|---|---|---|---|
| 1 | श्री ईश्वरी प्रसाद न्यौपाने | श्री महेन्द्र बाल विकास माध्यमिक विद्यालय | रा.न.पा-1, बोराङ्ग | ९००० |
| 2 | श्री अच्युत बाबु घिमिरे | श्री ज्ञानोदय माध्यमिक विद्यालय | रा.न.पा-1, साहिलीटार | ९००० |
| 3 | श्री दीननाथ त्रिपाठी | श्री सौभाग्योदय नमुना माध्यमिक विद्यालय | रा.न.पा-4, अल्काटार | ९००० |
| 4 | श्री नानुमाया पराजुली | श्री शिशु विद्याश्रम माध्यमिक विद्यायल | रा.न.पा-5, तिनपिप्ले | ९००० |
| 5 | श्री दिनेश चिलुवाल | श्री शैलपुत्री नमुना माध्यमिक विद्यालय | रा.न.पा-6, धमिलीकुवा | ९००० |
| 6 | श्री राम बाबु घिमिरे | श्री शारदा माध्यमिक विद्यालय | रा.न.पा-7, गरमबेशी | ९००० |
| 7 | श्री नुर महमद मियाँ | श्री बीरभक्ति माध्यमिक विद्यालय | रा.न.पा-8, तार्कुघाट | ९००० |
| 8 | श्री शिब शंकर नराल | श्री रुद्र माध्यमिक विद्यालय | रा.न.पा-8, हर्रबोट | ९००० |
| 9 | श्री राम प्रसाद गुरुङ्ग | श्री भैरव माध्यमिक विद्यालय | रा.न.पा-9, मोहोरियाकोट | ९००० |
| 10 | श्री प्रकाश बाबु देवकोटा | श्री जनता माध्यमिक विद्यालय | रा.न.पा-9, कुडुले | ९००० |
| 11 | श्री अमर बहादुर न्यौपाने | श्री बुद्धमिलन माध्यमिक विद्यालय | रा.न.पा-10, प्यारजुङ्ग | ९००० |
| 12 | श्री टोप बहादुर अम्गाई | श्री कालिका आधारभूत विद्यालय | रा.न.पा-2, पन्थेडाडाँ | ९००० |
| 13 | श्री बिष्णु बहादुर परियार | श्री सरस्वति प्राथमिक बिद्यालय | रा.न.पा-3, ज्यामिरे | ९००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| 14 | श्री केशवचन्द्र पन्त | श्री चम्पावति प्राथमिक बिद्यालय | रा.न.पा-3, टिमुरे | ९००० |
| 15 | श्री कृष्णा बहादुर खत्री | श्री जनचेतना प्राथमिक बिद्यालय | रा.न.पा-3, ढाडाखर्क | ९००० |
| 16 | श्री राजन भट्ट | श्री प्रगति प्राथमिक बिद्यालय | रा.न.पा-5, सिम्ले | ९००० |
| 17 | श्री बिनोद खनाल | श्री बसन्ताबति प्राथमिक बिद्यालय | रा.न.पा-5, बिरौटा | ९००० |
| 18 | श्री राम प्रसाद लौडारी | श्री बिरेन्द्रदीप प्राथमिक बिद्यालय | रा.न.पा-6, स्याउली | ९००० |
| 19 | श्री ऋषिराम चिलुवाल | श्री चण्डी प्राथमिक बिद्यालय | रा.न.पा-6, लुपुगाउँ | ९००० |
| 20 | श्री सुशिला लौडारी | श्री मिलन प्राथमिक बिद्यालय | रा.न.पा-6, बतासे | ९००० |
| 21 | श्री धर्मराज चिलुवाल | श्री सरस्वती प्राथमिक बिद्यालय | रा.न.पा-7, सालडाडाँ | ९००० |
| 22 | श्री हरी मायाँ घिमिरे | श्री अमर ज्योति प्राथमिक बिद्यालय | रा.न.पा-8, पिपलटारी | ९००० |
| 23 | श्री पबित्रा हडखले | श्री शुभोदय प्राथमिक बिद्यालय | रा.न.पा-8, तार्कुघाट | ९००० |
| 24 | श्री कमला कँडेल मिश्र | श्री शुर्दशन प्राथमिक बिद्यालय | रा.न.पा-8, अमलेडाडाँ | ९००० |
| 25 | श्री अञ्जला अधिकारी | श्री कृष्ण प्राथमिक बिद्यालय | रा.न.पा-8, माझीगाउँ | ९००० |
| 26 | श्री कृष्णा बहादुर आले | श्री शान्ति देवी प्राथमिक बिद्यालय | रा.न.पा-9, सात्तले | ९००० |
| 27 | श्री मन्दिरा भट्टराई | श्री दुर्गादिबी प्राथमिक बिद्यालय | रा.न.पा-9, साउनेपानी | ९००० |
| 28 | श्री मीन कुमारी गुरुङ्ग | श्री बिरेन्द्र शान्ति प्राथमिक बिद्यालय | रा.न.पा-9, कुवापानी | ९००० |
| 29 | श्री शेर बहादुर अधिकारी | श्री सस कन्या प्राथमिक बिद्यालय | रा.न.पा-9, बगुवा | ९००० |
| 30 | श्री प्रकाश चन्द्र अधिकारी | श्री देवी प्राथमिक बिद्यालय | रा.न.पा-10, कोकेगाउँ | ९००० |
| 31 | श्री निल कुमार गुरुङ्ग | श्री गौतम प्राथमिक बिद्यालय | रा.न.पा-10, प्यारजुङ्ग | ९००० |
| 32 | श्री मञ्जु पौडेल | श्री सिद्धार्थ प्राथमिक बिद्यालय | रा.न.पा-10, लामागाउँ | ९००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>33</td><td>श्री राममणी न्यौपाने</td><td>श्री महेन्द्र प्राथमिक बिद्यालय</td><td>रा.न.पा-10, बोराङ्ग</td><td>९०००</td></tr>
<tr><td>34</td><td>श्री सिता गुरुङ्ग</td><td>श्री मनकामना प्रा.बि</td><td>रा.न.पा-4, बोहोरागाउँ</td><td>९०००</td></tr>
<tr><td>35</td><td>श्री उषा पाण्डे</td><td>श्री महेन्द्र ज्योति प्रा.बि</td><td>रा.न.पा-6, कदमखोला</td><td>९०००</td></tr>
<tr><td>36</td><td>श्री सरिता अधिकारी</td><td>श्री सन्त प्रा.बि</td><td>रा.न.पा-8, तार्कुघाट</td><td>९०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३२४०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>सेनेटरी प्याड खरिद<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.३ बमोजिम कक्षा ६ देखि १२ सम्मका सबै छात्राहरुलाई निशुल्क वार्षिक १० महिनाको लागि सेनेटरी प्याड वितरण गर्ने व्यवस्था गरेको छ । सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले सेनिटरीप्याड खरिद गरी गो.भौ.नं. ५५।०७८।०९।१२ बाट रु.४७३७९१ भुक्तानी गरेको छ । छात्राहरुको स्वास्थ्य तथा सरसफाईसँग जोडिएको यस्तो खरिद कार्य आर्थिक वर्षको सुरुमा गरी समयमै वितरणको व्यवस्था मिलाउनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा खरिद गरेको देखिन्छ । कक्षा ६ देखि १२ सम्मका छात्रा र ६ कक्षा भन्दा तल्लो कक्षामा माग भए बमोजिम विद्यार्थी संख्या विद्यालयसंग माग गरी सोही संख्याको आधारमा खरिद गर्नुपर्नेमा सो गरेको पाइएन । पालिकाले सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने, तोकिएअनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखे नराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ। सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधी २०७६ को दफा ३१ अनुसार विद्यालयले चौमासिक रुपमा कार्यक्रम कार्यान्वयनको चौमासिक विवरण स्थानीय तह र समाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेमा पठाएको देखिएन । यसतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>रासायनिक मल ढुवानीमा अनुदान<br>पालिकाले यस वर्ष विभिन्न ८ सहकारी तथा स्टोर्सलाई रासायनिक मल ढुवनी गरी वितरण गरेवापत प्रति सहकारी रु.२०००० का दरले रु.१८०००० र जन विकास सहकारीलाई रु.२००००० गरी कुल रु.२८०००० अनुदान प्रदान गरेको छ । यसरी पालिकाले ढुवानीमा सहकारी तथा स्टोर्सलाई अनुदान उपलब्ध गराउदा कृषकहरुलाई समेत सहुलियत हुनेगरी मल वितरण हुनुपर्छ । लेखापरीक्षणको क्रममा सहकारी तथा स्टोर्सले कृषकहरुलाई ढुवानी खर्च समेत जोडी मल बिक्री तथा वितरण गरे वा नगरेको सन्दर्भमा एकीन हुन सकिएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकाले आफूले अनुदान उपलब्ध गराएका सहकारी तथा स्टोर्सले कृषकहरुलाई मल वितरण गर्दा ढुवानी समेतको रकम जोडी विक्री वितरण गरे वा नगरेको सम्बन्धमा अनुगमन गरी त्यसो गरेको सम्बन्धमा अनुदानमा कटौती गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>बिउ वितरण<br>पालिकाबाट देहायबमोजिमको कृषिको ५० प्रतिशत अनुदानमा विउ खरिद गरी वितरण गर्दा खरिद परिमाण भन्दा कम परिमाणमा विउ वितरण गरेको देखिएकाले Focal Person/शाखा प्रमुखलाई जिम्मेवार वनाउने तथा वितरण भरपाई पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर नं</th><th>विउको किसिम</th><th>खरिद परिमाण</th><th>वितरण परिमाण</th><th>वितरण गर्न बाँकी परिमाण</th><th>खरिद दर</th><th>भरपाई पेश गर्नुपर्ने रकम</th></tr>
<tr><td>२३९।०७८।९।४</td><td>प्याज रेजक्रियल</td><td>२३०० प्याकेट</td><td>८८९ प्याकेट</td><td>१४११ प्याकेट</td><td>११०</td><td>१५५२१०</td></tr>
<tr><td>२३९।०७८।९।४</td><td>मुला मिनुआर्ले</td><td>२०० प्याकेट</td><td>१८० प्याकेट</td><td>२० प्याकेट</td><td>५०</td><td>१०००</td></tr>
<tr><td colspan="6">जम्मा वितरण भरपाई पेश गर्नुपर्ने रकम</td><td>१५६२१०</td></tr>
<tr><td colspan="6">भुक्तानी भएको ५० प्रतिशत रकम</td><td>७८१०५</td></tr>
</table></td><td>७८,१०५</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>कुखुराको खोर संरक्षण कार्यक्रम<br>भौचर नं ६९०।०७९।२।२४ बाट स्थानीय कुखुराको खोर संरक्षण कार्यक्रम ५० प्रतिशत अनुदान रकम उपलब्ध गराउने गरी रु.२०००० का दरले १० जनालाई रकम उपलब्ध गराएको छ । उक्त अनुदानमा व्यक्तिले कम विल पेश गरेकोमा समेत देहायबमोजिम रकम भुक्तानी भएको देखिएकाले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि नं</th><th>भुक्तानी पाउनेको नाम</th><th>कुल खर्च रकम</th><th>कर कट्टी समेत ५० प्रतिशतले हुनुपर्ने भुक्तानी रकम</th><th>भएको भुक्तानी रकम</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>सुवास गुरुङ्ग</td><td>३३९९०</td><td>१६५७०</td><td>१९७००</td><td>३१३०</td></tr>
<tr><td>२</td><td>सन्त बहादुर गुरुङ्ग</td><td>३२८००</td><td>१५९९०</td><td>१९७००</td><td>४०१०</td></tr>
<tr><td colspan="5">जम्मा रकम</td><td>७१४०</td></tr>
</table></td><td>७,१४०</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>लागत सहभागिता बिना अनुदान</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले समानीकरण तथा आन्तरिक स्रोतबाट संचालन हुने कृषि तथा पशुका कार्यक्रम संचालनको लागि कार्यविधि तथा मापदण्ड तयार गरेको छैन । संघीय ऐन तथा कार्यविधि अनुसार कृषि तथा पशुका कार्यक्रममा ५० देखि ८५ प्रतिशत सम्म अनुदानमा कार्यक्रम संचालन गर्ने व्यवस्था रहेको छ। तर पालिकाले कार्यपालिकाको निर्णयको भरमा कृषि तथा पशुको कार्यक्रममा लाभग्राहीको विना सहभागीता शत प्रतिशत अनुदान दिएको देखिन्छ । जसले गर्दा समुदायलाई अपनत्वभाव नरहने र पालिकाप्रति अनुदानमा निर्भर रहने सम्भावना रहने गर्दछ । यस वर्ष पालिकाले दलित, अल्पसंख्यक, जनजाति आदिलाई सशक्तिकरण भनी लाभग्राहीको साझेदारी बिना रु.९९०००० र महिला उद्यमशिलता तथा सिपमुलक कार्यक्रममा रु. ५४९८६५ गरी कुल रु.१५३९८६५ खर्च गरेको देखिन्छ । पालिकाले समुदायको लागत साझेदारीमा कार्यक्रम संचालन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७० | | | **गाई ढुवानी**<br>**........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९-१२-१९ को निर्णयबाट रु. १५०००।- सम्परीक्षण गरिएको ।)** | ० |
| ७१ | | | **बिमा नगरेको**<br>नेपाल सरकारले कृषकहरुलाई सम्भावित क्षति हुनबाट जोगाउनका लागि कृषि तथा पशुमा बिमा गर्ने कार्यक्रमलाई उच्च महत्व दिएको पाइन्छ । पालिकाबाट यस वर्ष दिएको कृषि तथा पशुपन्छीको अनुदानमा बिमा कार्यक्रमलाई अनिवार्य गर्नुको साटो वेवास्ता गरेको पाइयो । पालिकाले कृषकहरुलाई हुने कृषि तथा पशुपन्छीको सम्भावित जोखिम न्यूनिकरण गर्नका लागि कृषि तथा पशुपन्छीको अनिवार्य बिमा गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७२ | | | **अनुदान रकम बढी भुक्तानी**<br>**........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई भएको आधारमा मिति २०७९-१२-१६ को निर्णयबाट रु. ५९०६१२।- सम्परीक्षण गरिएको ।)** | ० |
| ७३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सिढि निर्माण तथा वाटो सोलिङ सिञ्चाई कुलो निर्माण लगायतका निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष २१४ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>जनालाई रोजगारी उपलव्ध गराई अधिकतम १०० दिनको श्रमिकको पारिश्रमिकमा रु. ७४ लाख ५९ हजार खर्च गरेको छ । अन्य व्यवस्थापनमा रु.९ लाख ३२ हजार खर्च गरेको छ । लक्षित वर्गलाई न्युनतम ३८ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>अक्सिजन प्लान्ट स्थापना<br>कोरोना महमारी रोकथाम तथा नियन्त्रणकव लागी अक्सिजन प्लान्ट आवश्यकता भएको भनी सहोदर सामुदायीक अस्पतालको लागत सहभागितामा प्लान्ट स्थापनाको लागी रु ५० लाख बजेट व्यवस्था गरेकोमा उक्त प्लन्ट स्थापना गर्न ओटु कन्सर्न काठमाँडौको रु ९३५०९९० को ५० प्रतिशत लागत सहभागिताले रु ४६७५४९७ भुक्तानी गरेको देखियो । उक्त प्लन्ट स्थापनाको लागि बजेट पारित गर्दा प्लान्ट बाट नगरपालिकाले पाउने लागत लाभ विश्लेषण ( Cost Benefit Analysis) गरेको तथा प्लान्ट संचालनको विधि के हुने , नगरपालिकाको ५० प्रतिशत हिस्साबाट निर्मित संरचना नाफा नोक्सान बारे अध्ययन पश्चात लगानि गर्नुपर्नेमा गृहकार्य नगरी बजेट तथा कार्यक्रम कार्यान्वयनमा गएको र हाल आएर कोरोना करिब करिब नियन्त्रण भइ सकेको अवस्थामा उक्त प्लान्ट के कसरी संचालन गर्ने हो , नगरपालकाले विस्तृत अध्ययन विश्लेषण गरी लगानि गरेको रकमको सुनिश्चितता गर्नुपर्ने रु</td><td>४६७५,४९५</td></tr>
<tr><td>७५</td><td></td><td></td><td>स्वास्थ कर्मचारीको फिल्ड भत्ता<br>नगरपालिकाका स्वास्थ शाखाका निम्न कर्मचारीहरुलाइ मासिक रुपमा रु २२५० को दरले बार्षिक रु १६२००० फिल्ड भत्ता भुक्तानी गरेको पाइयो । साविकमा ग्रामिण स्वास्थ कार्यकर्ताको रुपमा फिल्डमा कार्य गर्दा उक्त भत्ता रकम उपलब्ध गराएको भएतापनि हाल सो पदबाट बढुवा भइ सकेपछी सोही अनुसार तलबभत्ता उपलब्ध गराइने हुनाले साविकमा दिइएको फिल्ड भत्ता उपलब्ध गराउने सम्बन्धमा कहि कतै व्यवस्था नभएकोले नियम र मापदण्ड विपरित भुक्तानी भएको रकम सम्बन्धित कर्मचारिबाट असूल गर्नुपर्ने रु
<table>
<tr><th>सि.नं</th><th>कर्मचारीको नाम</th><th>पद</th><th>मासिक फिल्ड भत्ता</th><th>बार्षिक फिल्ड भत्ता</th></tr>
<tr><td>१</td><td>सरस्वती चिलुवाल</td><td>अ.न.मी. ६</td><td>२२५०</td><td>२७०००</td></tr>
<tr><td>२</td><td>गंगा माया कट्टेल</td><td>अ.न.मी. ५</td><td>२२५०</td><td>२७०००</td></tr>
<tr><td>३</td><td>लिला देवि अधिकारी</td><td>अ.न.मी. ५</td><td>२२५०</td><td>२७०००</td></tr>
<tr><td>४</td><td>सवला पन्त</td><td>अ.न.मी.</td><td>२२५०</td><td>२७०००</td></tr>
</table></td><td>१६२,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>अकला देवि अधिकारी</td><td>अ.न.मी. ५</td><td>२२५०</td><td>२७०००</td></tr>
<tr><td>६</td><td>सिंह माया गरूङ</td><td>अ.न.मी. ५</td><td>२२५०</td><td>२७०००</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>१६२०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>मुल्य अभिवृद्धि कर तथा धरौटि रकम कट्टा नगरेको<br>३६१।०७९।३।२२ बाट सहोदर सामुदायीक अस्पतालमा कोरोना महामारी रोकथाम तथा नियन्त्रणको लागी यस पालिकामा अक्सिजन प्लान्टको आवश्यकता भएको हँदा लागत सहभागितामा उक्त प्लान्ट स्थापना गर्न रु ५० लाख बजेट व्यवस्था भएको देखिन्छ । उक्त प्लान्ट निर्माण तथा जडान खरिद प्रक्रिया अनुसार ओटु कन्सर्न काठमाँडौले कबोल गरेको ठेक्का अंक रु ९३५०९९० सहोदर सामुदायीक अस्पताल र ओटु कन्सर्न बिच २०७८ फागरन मसान्त सम्म सम्पन्न गर्ने गरी २०७८।६।५ मा सम्झौता भएको देखियो । सहोदर सामुदायीकले ०७९।३।२८ मा अक्सिजन प्लान्टको निर्माण कार्य सम्पन्न भइ प्राविधिक परिक्षण समेत समाप्त भइसकेको उल्लेख गरी ५० प्रतिशत रकम माग गरेको देखिन्छ नगरपालिकाले ५० प्रतिशत हुने रु ४६७५४९५ भुक्तानी गर्दा पुरै रकम रु ९३५०९९० को भ्याट लाग्ने आइटम को भ्याट रकम रु ३२७९९० को ३० प्रतिशतले हुने रकम रु ९८३९७ सहोदर सामुदायीक अस्पतालले कट्टा गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा मुअकरको ५० प्रतिशतले हुने रु ४९१९८।५० समायोजन गरेको प्रमाण पेश हुनुपर्ने साथै धरौटी समेत भुक्तानी रकमको ५ प्रतिशत रु २३३७७४।७५ कट्टा नगरेकोले सो समेत कट्टा गर्नुपर्ने रु</td><td>२८२९७३.२५</td></tr>
<tr><td>७७</td><td></td><td></td><td>वडा सदस्यलाई कार्यवाहक सदस्य भएबापत थप सुविधा रकम भुक्तानी<br>गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ३ बमोजिम पदाधिकारी तथा सदस्यले आफू निर्वाचित भई पदभार ग्रहण गरेको मितिदेखि स्थानीय तहको आन्तरिक स्रोतको समेत आधारमा अनुसूची बमोजिमको रकममा नबढ्नेगरी सुविधा पाउने व्यवस्था रहेको छ। यसै ऐनको दफा १६ मा कुनै पनि सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा प्राप्त नगर्ने व्यवस्था गरेको छ । पालिकाले वडा नं ९ को अध्यक्ष पद रिक्त भएपश्चात राजकुमार भुजेललाई कार्यवाहक अध्यक्ष बनाएको देखिन्छ । सदस्यमा निर्वाचित भएको व्यक्तीलाई कार्यवाहकको रुपमा काम गरे वापत थप रकम दिने बारे ऐनमा कुनै व्यवस्था भएको देखिदैन । तर पालिकाले राजकुमार भुजेललाई कार्यवाहक अध्यक्ष पदमा कार्य गरेको भनि अध्यक्ष वराबरको सुविधा दिएको पाइन्छ । यसरी कानूनमा व्यवस्था नभएको ६ महिनाको थप सुविधा दिएको रकम नियम सम्बत नदेखिएको रु</td><td>७४,२५०</td></tr>
<tr><td>७८</td><td></td><td></td><td>निस्कृय खाता</td><td>०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई भएको आधारमा मिति २०७९-१२-१६ को निर्णयबाट रु. १२०९७९४८.८५।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>समाजिक सुरक्षाको रकम बढी निकासा<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।पालिका भित्रका केही वडाहरुको परीक्षण गर्दा पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेको पाइयो । तसर्थ पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी निम्नानुसार बढी खर्च लेखेको रकम असुल हुनुपर्ने रु
<table>
<tr><th>क्र.स.</th><th>लाभग्राहीको नाम</th><th>नागरिकता नं</th><th>वडा नं</th><th>मृत्यु मिति</th><th>बढी बुझेको रकम</th></tr>
<tr><td>१</td><td>पदम बहादुर खत्री</td><td>२००९</td><td>३</td><td>२०७७।७।८</td><td>३९०६२</td></tr>
<tr><td>२</td><td>जित बहादुर तामाङ</td><td>८७८</td><td>३</td><td>२०७८।७।५</td><td>२९२६</td></tr>
<tr><td>३</td><td>जित बहादुर पराजुली क्षेत्री</td><td>८१३</td><td>३</td><td>२०७८।७।५</td><td>३३२५</td></tr>
<tr><td>४</td><td>बिष्णु माया धिताल</td><td>११०१</td><td>३</td><td>२०७८।८।१३</td><td>६२६१</td></tr>
<tr><td>५</td><td>नन्न माया ढकाल</td><td>५२३</td><td>३</td><td>२०७७।१०।२६</td><td>७२८६</td></tr>
<tr><td>६</td><td>सारदा प्रसाद पन्थी</td><td>७६४</td><td>३</td><td>२०७८।९।१३</td><td>२२६१</td></tr>
<tr><td>७</td><td>जुनकिरि सार्की</td><td>११८१</td><td>३</td><td>२०७८।८।२५</td><td>४६६५</td></tr>
<tr><td>८</td><td>सुकमाया तामाङ</td><td>९१९</td><td>३</td><td>२०७८।०८।०६</td><td>७१९२</td></tr>
<tr><td>९</td><td>डिलबहादुर पराजुली</td><td>८९७</td><td>३</td><td>२०७९।०१।३१</td><td>८०००</td></tr>
</table></td><td>८०,९७८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ८०९७८ | |

## संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई वेरुजू नमानिने व्यवस्था गरेको छ। पालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसारका निर्माण व्यवसायी, व्यक्ति, संस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु | 9136812.00 |

| गो भौ न | पेश्की लिने व्यक्ति/फर्म/कम्पनी | वापत | आव २०७७।७८ को पेश्की बाँकी | |
|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको |
| ७।०७८।६।१ | कञ्चनजङ्गा निर्माण सेवा | प्रशासकीय भवन निर्माण | २०६९०६८ | |
| १।०७८।४।१ | बस्नेत निर्माण। भगवती कन्स्ट्रक्सन जे भी | प्याराजुश्र स्वास्थ्य चौकी निर्माण | | ४२३८०२ |
| १।०७८।४।१ | शिशु विद्याश्रम मा वि | शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यस्पादनमा आधारित प्रोत्साहन अनुदान | | २००००० |
| ८४।०७८।१०।२५ | शैलपुत्री नमूना मा वि | शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यस्पादनमा आधारित प्रोत्साहन अनुदान | | ३०००००० |
| ४२७।०७८।११।३ | आधारभूत स्वास्थ्य सेवा केन्द्र जेठाक | आधारभूत स्वास्थ्य केन्द्र संचालन खर्च | | ७००० |
| ४२७।०७८।११।३ | प्यारजुङ स्वास्थ्य चौकी | आधारभूत स्वास्थ्य केन्द्र संचालन खर्च | | २०००० |
| ४२७।०७८।११।३ | मोहरियाकोट स्वास्थ्य चौकी | आधारभूत स्वास्थ्य केन्द्र संचालन खर्च | | २५००० |
| ८७७।०७८।४।१ | शेखर नाथ न्यौपाने | कार्यक्रम खर्च | | १६७२००० |

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>८४९।०७९।३।२४</td><td>कुमार नाथ न्यौपाने</td><td>कक्षा १-३ पाठ्यक्रम निर्माण परिमार्जन तथा प्रशोधिकरण</td><td></td><td>२०००००</td></tr>
<tr><td>१६०२।०७९।४।२२</td><td>एकीकृत स्वास्थय पूवाधार विकास</td><td>एकीकृत स्वास्थय पूवाधार विकास कार्यक्रम (अन्तरसरकारी वित्तीय हस्तान्त्रण)</td><td>४९०७७००</td><td>३५८९०१०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>६९७६७६८</td><td>९१३६८१२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२</td><td>
प्रोत्साहनमा कर कट्टीः भौचर नं ८७१।०७९।३।२५ बाट देहायबमोजिमका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराएकोमा १५ प्रतिशत कर कट्टी नगरेकाले कर कट्टी रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><td>सि नं</td><td>कर्मचारीको नाम</td><td>बुझेको प्रोत्साहन भत्ता रकम</td><td>कर कट्टी गर्नुपर्ने रकम रु</td></tr>
<tr><td>१</td><td>नविन कुमार वराल</td><td>२३१००</td><td>३४६५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३४६५</td></tr>
</table>
</td><td>3465.00</td></tr>
<tr><td>३</td><td>
दोहोरो पदाधिकारी सुविधा<br>
गाउँसभा, नगरसभा तथा जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७६ को दफा ३ बमोजिम पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पदभार ग्रहण गरेको मितिदेखि स्थानिय तहको आन्तरिक स्रोतको आधारमा अनुसूची बमोजिमको रकममा नबढ्नेगरी यस ऐनमा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ । यसै ऐनको दफा १६ बमोजिम कुनै पनि सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । पदाधिकारीले यस ऐन बमोजिमका अनुगमन, संचार लगायतका सबै सुविधा मासिक पेरोल बनाएर लिएका छन । तर देहायबमोजिमका कार्यक्रममा पदाधिकारीले पालिकाबाट संचालित कार्यक्रमको अनुगमन गरेको भनी थप सुविधा लिएको देखिएकाले दोहोरो परेको सुविधा रकम देहायबमोजिमका पदाधिकारीबाट असुल गर्नुपर्ने देखिएको रु.
<table>
<tr><td>सि नं</td><td>पदाधिकारीको नाम</td><td>पद</td><td>थप सुविधा लिएको विवरण</td><td>लिएको रकम</td><td>करपछि लिएको रकम</td></tr>
<tr><td>१</td><td>सिंह बहादुर थापन</td><td>नगर प्रमुख</td><td>भौ नं १६५ बाट अपाङ्गता दिवसको अनुगमन</td><td>१६००</td><td>१३६०</td></tr>
<tr><td>२</td><td>धन कुमारी गुरुङ</td><td>उप प्रमुख</td><td>२०७९।१।२१ बाट नेतृत्व तथा क्षमता विकास तालिमको अनुगमन, भौ नं १६५ बाट अपाङ्गता दिवसको अनुगमन</td><td>३१००</td><td>२६३५</td></tr>
</table>
</td><td>5270.00</td></tr>
</table>

<table>
<tr><th>क.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>४</td><td>शान्ता लामिछाने</td><td>कार्यपालिका सदस्य</td><td>२०७९।१।२१ बाटनेतृत्व तथा क्षमता विकास तालिमको अनुगमन</td><td>१५००</td><td>१२७५</td></tr>
<tr><td colspan="6">जम्मा ५२७०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td>प्रोत्साहनमा कर कट्टीः भौचर नं ५०९।०७८।१२।९ बाट शिक्षकबाट स्वेच्छिक अवकास लिने शिक्षक कमल प्रसाद शर्मालाई प्रोत्साहन स्वरुप जनही रु.५०००० का दरले खर्च लेखेकोमा प्रोत्साहनमा १५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत कर कट्टी गरेकाले बाँकी १४ प्रतिशत कर रकम असुल गर्नुपर्ने रु.</td><td>7000.00</td></tr>
</table>